# लेखापरीक्षण प्रतिवेदन

# टिकापुर नगरपालिका, कैलाली

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# टिकापुर नगरपालिका, कैलाली

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश**

**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-११

च.न.:FAR/2080-81/LOC/747

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
टिकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
कैलाली।

## कैफियतसहितको राय।

हामीले टिकापुर नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको यस आर्थिक वर्षको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान(नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कारोवारको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। नगरपालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प.फा.नं. २७०) मा नेपाल सरकारबाट बजेट अख्तियारी प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमको रू.३३ करोड ३४ लाख ७८ हजार, शिक्षा, विज्ञान प्रविधि मन्त्रालयको रू.२ लाख ९० हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू.९४ लाख ६४ हजार र गरीबसंग विश्वेश्वर कार्यक्रमको रू.४ लाख १५ हजार समेत गरी रु.३४ करोड ३६ लाख ४६ हजार समावेश गरेको छैन।

२. नगरपालिकाको रू.१ अर्ब ५६ करोड ७३ लाख ७२ हजार हजारको लेखापरीक्षण गरिएकोमा रू.४ करोड ४४ लाख ८२ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.१६ लाख ९२ हजार प्रतिक्रीयाबाट फस्यौंट भई बाँकी रहेको वेरुजु मध्ये असुल गर्नुपर्ने रू.१ करोड ५६ लाख २७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.७० लाख ६० हजार, नियमित गर्नुपर्ने रू.१ करोड ९६ लाख ९७ हजार र पेस्की बाँकी रू.५ लाख २४ हजार रहेको छ। गत वर्षसम्म रु.३० करोड २३ लाख ८२ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रू.३४ करोड ५१ लाख ५० हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा हामी विश्वस्त छौं।

**अन्य बेहोरा**

लेखापरीक्षण प्रतिवेदनमा स्रोत साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार राजस्व असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास- निर्माण र सेवा प्रवाहमा असर परेको, विभिन्न शीर्षकमा प्रदान गरिएको अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरकार्यपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोबारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( पशुपति कुमार काफ्ले )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८६ | ६९ | ४,४४,८१,५६० | ० | २ | १६,९१,९३६ | १,१७,७९१ | ८६ | ६७ | ४,२९,०७,४१६ | १,५६,२६,५८५ | १,९६,९७,१५२ | ७०,५९,५११ | ० | ० | २,६७,५६,६६४ | ५,२४,१६८ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कैलाली | ३०,२३,८२,००० | ० | १,३९,१९५ | ३०,२२,४२,८०५ | ० | ४,२९,०७,४१६ | ३४,५१,५०,२२१ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | ४४ | पारिश्रमिक कर | ६,६१७ |
| २ | २०७९/८० | ७२ | आन्तरिक आयतर्फ | १,३२,५७८ |
| ३ | २०८०/८१ | ६५ | स्यानिटरी प्याड | १५,०८,४१६ |
| ४ | २०८०/८१ | १०० | पाइपको उपयोग | १,८३,५२० |
| जम्मा | | | | १८,३१,१३१ |

# (८०७७७४०४३०० - टिकापुर नगरपालिका, कैलाली )

# टिकापुर नगरपालिका , कैलाली

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-**स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ९ वडा, १२२.२२ वर्ग किलोमिटर क्षेत्रफल तथा ७६०८४ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८१।०९।१३ देखि २०८१।०९।१६ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्यय रू.१ अर्ब ५६ करोड ७३ लाख ७२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ **वित्तीय विवरणको विश्लेषण**

२.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ। स्वीकृत सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार पालिकाको कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय तहको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छ।

| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | २०७४९७८९३.९३ | ० | २०७४९७८९३.९३ | २०१७८३९६१.९८ | ० | २०१७८३९६१.९८ |
| १३००० | अनुदान | ४७११३३१९४.०६ | ० | ४७११३३१९४.०६ | ५४१५७१६८४.३७ | ० | ५४१५७१६८४.३७ |
| १४००० | अन्य राजस्व | ३३६९०६१०.४१ | ० | ३३६९०६१०.४१ | ५५७७१८२६.४६ | ० | ५५७७१८२६.४६ |
| क | **कुल जम्मा प्राप्ति** | ७१२३२१६९८.४ | | ७१२३२१६९८.४ | ७९९१२७४७२.८१ | | ७९९१२७४७२.८१ |
| ३ | चालु | ५१४३४९६१२.२६ | ० | ५१४३४९६१२.२६ | ५८४१११३७३.०२ | ० | ५८४१११३७३.०२ |
| २१००० | पारिश्रमिक / सुविधा | २३२३४०७७८.२६ | ० | २३२३४०७७८.२६ | २३२६९२७७४.१ | ० | २३२६९२७७४.१ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | २६६९२३३२०.७१ | ० | २६६९२३३२०.७१ | २४९९२७६१०.०३ | ० | २४९९२७६१०.०३ |
| २४००० | ब्याज सेवा शुल्क तथा बैंक कमिशन | ४४७५७२.७६ | ० | ४४७५७२.७६ | ५९९६८९.८७ | ० | ५९९६८९.८७ |
| २५००० | सहायता (Subsidy) | ७२१२३० | ० | ७२१२३० | ४५१००६५४.७६ | ० | ४५१००६५४.७६ |
| २७००० | सामाजिक सुरक्षा | ११६५५३७२ | ० | ११६५५३७२ | ४०६९८३० | ० | ४०६९८३० |
| २८००० | अन्य खर्च | २२६४३३८.५३ | ० | २२६४३३८.५३ | ५१७२०८१४.२६ | ० | ५१७२०८१४.२६ |
| ४ | पूंजीगत | १९०८९२०४४ | ० | १९०८९२०४४ | ३३१३९१२८०.३४ | ० | ३३१३९१२८०.३४ |
| ३१११० | भवन तथा संरचना | १८४०८५७३ | ० | १८४०८५७३ | २२७८८४९५ | ० | २२७८८४९५ |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | २८५०८५६ | ० | २८५०८५६ | १९८२७५४२.९९ | ० | १९८२७५४२.९९ |
| ३११३० | अन्य पूँजीगत खर्च | ० | ० | ० | २२९९७९ | ० | २२९९७९ |
| ३११४० | सुरक्षा उपकरण | ४९९१९५ | ० | ४९९१९५ | ४२,०६५.०० | ० | ४२,०६५.०० |
| ३११५० | सार्वजनिक निर्माण | १६९०३७४४३ | ० | १६९०३७४४३ | २८५७७२७९४.३५ | ० | २८५७७२७९४.३५ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ९५,९७७.०० | ० | ९५,९७७.०० | ० | ० | ० |
| ३११७० | पूँजीगत सुधार खर्च | ० | ० | ० | २७३०४०४ | ० | २७३०४०४ |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ख) | **कुल जम्मा भुक्तानी** | ७०५२४१६५६.२६ | | ७०५२४१६५६.२६ | ९१५५०२६५३.३६ | | ९१५५०२६५३.३६ |
| ग) | **बचत /कमी (ग = क-ख )** | ७०८००४२.१४ | | ७०८००४२.१४ | -११६३७५१८०.५५ | | -११६३७५१८०.५५ |
| घ) | **धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)** | १५६०१२.०४ | | १५६०१२.०४ | -१२६९३६५.०६ | | -१२६९३६५.०६ |
| घ.१) | **कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी** | | | | | | |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | ७२३६०५४.१८ | | ७२३६०५४.१८ | -११७६४४५४५.६१ | | -११७६४४५४५.६१ |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | २२२७६६१४२.७२ | | २२२७६६१४२.७२ | ३४०४१०६८८.३३ | | ३४०४१०६८८.३३ |
| छ) | **विनिमय नाफा/ घाटा तथा अन्य समायोजन** | | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | २३०००२१९६.९ | | २३०००२१९६.९ | २२२७६६१४२.७२ | | २२२७६६१४२.७२ |

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। सोही प्रणालीबाट स्थानीय तहको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गरिएको छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रममा रू.३३३४७७८६५.६६, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा रू.२८९८०३.००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रू.९४६३८७१.३३ र गरिबसंग विश्वेश्वर कार्यक्रममा रू.४१५०००.०० समेत गरी रू.३४३६४६५३९.९९ सुत्रमा लेखाङ्कन गरेको छैन। पालिकाबाट भएका सबै कारोबारहरु वित्तीय विवरण (म.ले.प.फा.न. २७०)मा समावेश गर्नुपर्दछ।

२.३ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको वित्तीय प्रतिवेदन(२७२) अनुसार रू.२४३५२५४६५.५ मौज्दात रहेको छ। यो वर्ष वित्तीय प्रतिवेदन (२७०) मा रू.२२२७६६१४२.७२ गत वर्षको बाँकी मौज्दातको रुपमा जिम्मेवारी अल्या सारिएको छ। उल्लिखित वित्तीय विवरण(२७०)मा देखिएको मौज्दातमा विभाज्य कोषमा रहेको मौज्दात रू.२००३८५००।०० समावेश भएको देखिएन। उक्त विभाज्य कोषको बैङ्क स्टेटमेण्टको मौज्दात समेतलाई समावेश गर्दा गत वर्षको अन्त्यमा रू.२४२८०४६४२।७२ मौज्दात देखिन्छ। जस अनुसार गत वर्षको वित्तीय प्रतिवेदन(२७२) मा देखिएको अन्तिम मौज्दात भन्दा यो वर्षको शुरु मौज्दात रू.७२०८२२।७८ ले बढि देखियो। वित्तीय प्रतिवेदनमा सबै प्रकारका कोषको

रकम समावेस हुने गरी प्रतिवेदन प्रणालीमा सुधार गर्नुका साथै यो वर्षको शुरु मौज्दातमा देखिएको बढि मौज्दातको सम्बन्धमा यकिन गर्नुपर्दछ।

२.४ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ। सोही बमोजिम पालिकाले कारोवारको बैङ्क हिसाब मिलान विवरण (म.ले.फा.नं. २७० को टिप्पणी ६.२) तयार गरी हिसाब भिडान गर्नुपर्दछ। पालिकाले पेश गरेको विवरण अनुसार देहाय बमोजिम यो वर्षको अन्त्यमा स्रेस्ता अनुसार मौज्दात रू.२३०००२१९६।९० र बैङ्क अनुसार मौज्दात रू २८०७८६९५१.३६ देखियो। पालिकाले तोकिए बमोजिम बैङ्क हिसाव मिलान विवरण तयार गरी पेश गरेको छैन। बैकमा बढी रू. ५०७८४७५४.४६ भएको विषयमा यथार्थ अवस्था यकिन गरी हिसाव मिलान गर्नुपर्दछ।

| संकेत | कोष खाता | गत बर्षको मौज्दात रकम | घट/बढ नगद | मौज्दात रकम | नगद मौज्दात | स्टेटमेट बाट |
|---|---|---|---|---|---|---|
| ग १.१ | आन्तरिक राजस्व खाता | ०.०० | ०.०० | ०.०० | ०.०० | २७८७२३८८.८२ |
| ग १.२ | बाँडफाँडबाट प्राप्त राजस्व खाता | ०.०० | ०.०० | ०.०० | ०.०० | ३१९७८८.०८ |
| ग १.३ | आन्तरिक अनुदान खाता | ०.०० | | ०.०० | ०.०० | ०.०० |
| ग ६.१ | स्थानीय तह विभाज्य कोष खाता | ०.०० | १३३५९३.०० | १३३५९३.०० | ०.०० | २०१७२०९३.०० |
| ग ४.१ | स्थानीय तह सञ्चित कोष खाता | १७७२७४१७४.७६ | -६५८८०९१७.१८ | १११३९३२५७.५८ | ०.०० | ११२४८६५१८.२० |
| ग ३.१ | स्धानीय तह धरौटी खाता | २८९९६१०७.३१ | -६९८५४३४.४३ | २२०१०६७२.८८ | ०.०० | २२०१०६७२.८८ |
| ग २.१ | चालू खर्च खाता- विजोर वर्ष | ०.०० | २५४२१५३५.३२ | २५४२१५३५.३२ | ०.०० | ३३६७२९५२.२६ |
| ग २.२ | चालू खर्च खाता- जोर वर्ष | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ग २.३ | पूँजिगत खर्च खाता- विजोर वर्ष | ०.०० | ४७५३९४२४.०० | ४७५३९४२४.०० | ०.०० | ४५७५६५०३.०० |
| ग २.४ | पुँजीगत खर्च खाता- जोर वर्ष | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ग २.७ | विविध खर्च खाता | ५९८२०६९.५१ | ४६२४८२९.०० | १०६०६८९८.५१ | ०.०० | ५७९६६१९.५१ |
| ग ५.१ | स्थानीय तह विविध कोष खाता | ८६९३३९३.१४ | २३८४५५०.२२ | ११०७७९४३.३६ | ०.०० | १०८८०५४३.३६ |
| ग ७.२ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १८२०३९८.०० | -१५२५.७५ | १८१८८७२.२५ | ०.०० | १८१८८७२.२५ |
| जम्मा | | २२२७६६१४२.७२ | ७२३६०५४.१८ | २३०००२१९६.९० | ०.०० | २८०७८६९५१.३६ |

२.५ **विभाज्य कोष:** सरकारी कारोबार निर्देशिका,२०७६ को बुँदा नं ४.६.१ मा स्थानीय तहमा संकलन भई अन्य प्रदेशसँग बाँडफाँट हुने राजश्व स्थानीय विभाज्य खातामा जम्मा हुने र उक्त रकम प्रदेश कानुन अनुसार बाँडफाट गरि प्रदेशमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाको वित्तीय प्रतिवेदनमा विभाज्य कोषमा रू.१३३५९३।०० देखिन्छ। तर विभाज्य कोषको बैङ्क स्टेटमेण्टमा रू.२०१७२०९३।०० देखाएको छ। यस सम्बन्धमा सम्बन्धित निकायहरुसँग समन्वय गरी बैङ्क स्टेट्मेण्ट र वित्तीय प्रतिवेदन बीच फरक आउने हुनुहुदैन। साथै उक्त रकम कानुन बमोजिम बाँडफाँट गरि प्रदेश र स्थानीय सञ्चित कोषमा दाखिला गरी हिसाब मिलान हुनुपर्दछ।

२.६ **सञ्चित कोषमा स्थानान्तरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार यो वर्षको अन्त्यमा देहायको खाताहरुमा मौज्दात रकम रू.१०७६२१६३२.१६ मौज्दात रहेको देखियो। तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ।

| संकेत | कोष खाता | गत बर्षको मौज्दातरकम | घट/बढ नगद | मौज्दात रकम | नगद मौज्दात | स्टेटमेट बाट |
|---|---|---|---|---|---|---|
| ग १.१ | आन्तरिकराजस्व खाता | ० | -३,१६८.०० | -३,१६८.०० | ० | २७८७२३८८.८२ |
| ग १.२ | बाँडफाँडबाटप्राप्त राजस्व खाता | ० | | ० | ० | ३१९७८८.०८ |
| ग १.३ | आन्तरिकअनुदान खाता | ० | | ० | ० | ० |
| ग २.१ | चालूखर्च खाता- विजोर वर्ष | ० | २५४२१५३५.३२ | २५४२१५३५.३२ | | ३३६७२९५२.२६ |
| ग २.२ | चालूखर्च खाता- जोर वर्ष | ० | | ० | | ० |
| ग २.३ | पूँजिगतखर्च खाता- विजोर वर्ष | ० | ४७५३९४२४ | ४७५३९४२४ | | ४५७५६५०३ |
| ग २.४ | पुँजीगतखर्च खाता- जोर वर्ष | ० | | ० | | ० |
| | जम्मा | | | | | १०७६२१६३२.१६ |

३ **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रू.६,४६,७७,०२४.६२ राजस्व बाँडफाँडबाट रू. १७,६६,६९,५२३.०१, अनुदानबाट रू.५०,५५,३८,०१८.०० तथा अन्य प्राप्ती रू.३,८७,२४,१८६.९९ लगायत रू.७८,५६,०८,७५२.६२ प्राप्ती भएकोमा चालु खर्चतर्फ रू.५१,४३,४९,६१२.२६ तथा अन्यकोष तर्फको भुक्तानी रू.३,८७,०१,७६७.९५ र पुँजीगत खर्चतर्फ रू.१९,०८,९२,०४४.००समेत रू.७८,१७,६२,४८७.२१ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ८.२७ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान, आन्तरिक आय तथा राजस्व बाँडफाँडको रकमबाट ६५.७९ प्रतिशत चालु र २४.४२ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखियो। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखियो। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

४ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ। जस अनुसार यो वर्ष पुँजिगत खर्च रू.१९ करोड ८ लाख ९२ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रू.४० हजार अर्थात ०.०२ प्रतिशत, दोस्रो त्रैमासिकमा रू.३ करोड ३२ लाख ८ हजार अर्थात १७.४० प्रतिशत, तेस्रो त्रैमासिकमा रू.३ करोड ७५ लाख ३९ हजार अर्थात १९.७६ प्रतिशत र चौथो त्रैमासिकमा रू. १२ करोड १ लाख ४ हजार अर्थात ६२.९२ प्रतिशत खर्च गरेको देखियो। यसरी नै आषाढ महिनामा मात्र रू. ८ करोड ४७ लाख १५ हजार अर्थात ४४.३८ प्रतिशत खर्च देखिनुले

बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित हुने गरी खर्च व्यवस्थापन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| कुलखर्च | त्रैमासिक खर्च | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|
| | प्रथम | दोस्रो | चौथो | |
| १९०८९२०४४ | ४०००० | ३३२०८२६८ | १२०१०४१०३ | ८४७१५८०१ |
| १००. | ०.०२ | १७.४ | ६२.९२ | ४४.३८ |

## ५ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखियो। उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४२.२४ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र मा सबै भन्दा कम २.६२ प्रतिशत रहेको छ। पालिकाले आफ्नो आवधिक योजना बनाई दिगो विकासका अल्पकालिन तथा दिर्गकालिन लक्ष्य तय गरी बजेट कोडिङ मार्फत प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गर्नु पर्दछ।

| **क्र.सं.** | **क्षेत्र/उप क्षेत्र** | **विनियोजन** | **खर्च** | **खर्च (%)** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४५६४०१०४.३६ | ३६७३२३३७.९ | ५.२१ |
| २ | सामाजिक विकास | ३३७७०५९३३.६२ | २९७८६५३०२.६९ | ४२.२४ |
| ३ | पूर्वाधार विकास | ३०४४८१७५९.०७ | १७८५६८१७७.७७ | २५.३२ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २९१६२८६७.२७ | १८४८२३७८ | २.६२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १९४०३३८६१.११ | १७३५९३४५९.९ | २४.६१ |
| कुल जम्मा | | ९११०२४५२५.४३ | ७०५२४१६५६.२६ | १०० |

## ६ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले आवधिक योजना तयार गरेको जानकारी प्राप्त भएता पनि लेखापरीक्षणको क्रममा प्राप्त भएन। जसले गर्दा आवधिक योजनाको कार्यान्वयनको सम्बन्धमा परीक्षण गर्न सकिएन। आवधिक योजना अनुसार वार्षिक बजेट तर्जुमा र सोको कार्यान्वयन हुनुपर्दछ।

## ७ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८०/०३/०७ मा रू.८१ करोड २३ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।०८ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो। ऐनमा तोकिएको अवधि भन्दा १५ दिन ढिलो गरी प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो।

ऐनमा निर्धारित अवधि भित्र खर्च गर्ने अख्तियारी दिन सम्बन्धितको पदाधिकारीको ध्यान जानु पर्दछ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

८ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नुपर्ने व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गते भित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुपर्ने व्यवस्था छ। साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ। पालिकाले त्यस्तो समिति गठन गरेको देखिएन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्न सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

९ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ। पालिकाले समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गर्न कुनै मापदण्ड तथा कार्यविधि तयार गरेको नदेखिएकोले बजेट तर्जुमा गर्दा ऐनमा भएको परिपालनामा ध्यान दिनुपर्दछ।

१० **थप बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाले गत वर्ष अर्थात आ व २०७९।८० को बचत हुन आउने रकमबाट रू.१०६२६८५१९।०० कार्यपालिकाको निर्णयले यो वर्ष विभिन्न योजनाहरुमा बाँडफाट गरी हिउँदे सभाबाट अनुमोदन गराएको देखियो। जुन पालिकाबाट भएको विनियोजित बजेटको १५ प्रतिशत हुन जान्छ। यसरी ठूलो मात्रामा बजेट थप गरी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखियो। स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन समेतलाई ख्याल नगरी पछि बाँडफाट हुने गरी अबण्डा बजेट व्यवस्था गर्ने तथा थप बजेट कायम गरी विभिन्न योजनामा खर्च गर्ने कार्य बजेट अनुशासन भित्र पर्दैन। तसर्थ बजेट खर्चलाई बजेट अनुशासन र पद्धतिमा आधारित बनाउनुपर्दछ।

११ **बजेट व्यवस्थापन**

बजेट अन्तर्गत ब्यय तर्फ चालु, पुँजिगत र वित्तीय व्यवस्था गरी तीन भागमा वर्गिकरण गर्नुपर्दछ। वित्तीय व्यवस्था तर्फ ऋणको ब्याज र साँवा भुक्तानी वापत हुने व्यय अनुमान गर्नुपर्दछ। यो वर्ष पालिकाले नगर विकास कोषबाट लिइएको ऋणको ब्याज वापत ५ लाख रुपैया र साँवा वापत ७ लाख रुपैया चालु खर्च शीर्षक अन्तर्गत व्यय अनुमान गरिएकोमा यो वर्ष रू.२७९२३२।०० भुक्तानी गरेको देखियो। खर्चको प्रकृति अनुसार उपयुक्त शीर्षक अर्थात वित्तीय व्यवस्था शीर्षक अन्तर्गत विनियोजन गर्नुपर्दछ।

१२ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्न बाँकी रकम समावेस गरेर बजेट बनाउनु पर्ने व्यवस्था छ।त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३ अनुसार कोलेनिकाबाट भुक्तानी बाँकीको विवरण प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ तर पालिकाको हकमा पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गराई राख्नु पर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको बजेटमा गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी रू.१९८४५४४ भुक्तानी दिएको छ। आगामी वर्ष दायित्व सृजना गर्ने गरी बजेट व्यवस्थापन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

| क्र.सं. | आ.व. २०७९।८० को भुक्तानी दिन बाँकी यो वर्ष भुक्तानी भएको विवरण | रकम |
|---|---|---|
| १ | नेपाल रेडक्रस सोसाइटी | २८५२०० |
| २ | सहकर्मी समाज | ५२५००० |
| ३ | एल .वि. कम्प्यूटर सेन्टर | ८१९३६ |
| ४ | विभिन्न ३८ वटा मिडीया तथा फर्म | ५२६३२३ |
| ५ | बालुवाटर देखि ..निर्माण उपभोक्ता समिति | ५९४४४ |
| ६ | टीकापुर गुड्स सप्लायर्स | २७०९१८ |
| ७ | ढुङ्गा गिट्टी बालुवा संकलनमा ..कर्मचारी | २३५७२३ |
|  | जम्मा | १९८४५४४ |

१३ **दायित्व बाकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १२ मा बजेट तर्जुमा गर्दा प्रचलित कानून बमोजिम सृजित दायित्वको लेखाजोखा गर्नु पर्ने र अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ को बुँदा न ४.१.३ मा बजेट अनुमान गर्दा गत वर्षको भुक्तानी दिन बाकी दायित्वको लागि आवश्यक बजेट अनुमान गरे पश्चात मात्र अन्य पुजिगत कार्यक्रमको लागि बजेट अनुमान गर्नु पर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार यो वर्षको भुक्तानी दिन बाकी लगायत क्रमागत तथा अधुरो योजनाको शिर्षकमा रू.५८३०८४७।०० आगामी आ व २०८१।८२ को बजेटमा समावेस गरी ब्यय अनुमान गरिएको देखियो। आगामी वर्षको लागि समेत दिर्घकालिन अवधिको लागि दायित्व सृजना हुने गरी कार्यक्रम तथा योजना छनौट गर्दा दिगो विकास हुने रोजगारमूलक प्रकृतिका आयोजना छनौट गर्नु पर्ने साना साना योजनाहरु छनौट गरी सोको लागि थोरै रकम विनियोजन गर्ने र अधुरो योजनाको रुपमा आगामी वर्ष समेत सोही साना योजनाहरुमा बजेट निरन्तर विनियोजन गर्न लगाउने प्रवृत्तिले बजेट खर्च उत्पादनमूलक नहुनुका साथै नयाँ नीति तथा कार्यक्रमको कार्यान्वियनमा समेत प्रभाव परेको देखीयो। अत यस प्रकारको बजेट व्यवस्थापनमा नियन्त्रण कायम हुनु पर्दछ।

| सि.नं. | आ.व. २०८०।८१ को भुक्तानी दिन बाँकी आ व २०८१।८२ को लागि बजेटमा समावेश भएको विवरण | रकम |
|---|---|---|
| १ | को ले नि का तथा प्रदेश कोष तथा नियन्त्रक कार्यालय | ३४१४२७९ |
| २ | न्यू गौरव हार्डवयर टीकापुर | १०५६२९ |
| ३ | युकि सप्लायर्स | ९८५६९० |
| ४ | कर्णाली मेकानिकल इलेक्ट्रिक वर्क्स | २४८७५० |
| ५ | विभिन्न मिडिया तथा फर्म | २६०००० |
| ६ | नमुना इन्टरप्राइजेज | ९४६० |
| ७ | सृष्टी एण्ड डेविड ट्रेडर्स | ३१७१७ |
| ८ | सामुदायिक पशु चौपाया व्यवस्थापन संचालन | ५००००० |
| १० | पूर्णिमा ट्रेड एण्ड सप्लायर्स | २७९० |
| ११ | नाइस फुड कटेज | ४०००० |
| १२ | होराइजन टेक्नोलोजी प्रा.लि. | ४०००० |
| १३ | गोपाल वि.क गयालाल अधिकारी | ९८१३२ |
| १४ | निवेदन पेश भएका कर्मचारी | ९४४०० |
| | जम्मा | ५८३०८४७ |

## १४ योजना तर्जुमा तथा कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलमुखी योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष निम्नानुसार रू.१ लाख भन्दा साना ४४ योजनामा रू.३३ लाख ४४ हजार र रू.१ लाख देखि ५ लाख सम्मका ६७ योजनामा रू.१ करोड ६७ लाख १ हजार खर्च गरेको देखियो। साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालिन उपलब्धि नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी दिगो प्रतिफल प्राप्त हुने योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यो वर्ष पालिकाबाट सम्पन्न योजनाहरूको संख्यात्मक विवरण निम्नानुसार छन।

| विवरण | योजना संख्या | बजेट खर्च रु |
|---|---|---|
| रु.१ लाख सम्म | ४४ | ३३४४५९७ |
| रु.१ देखि ५ लाख सम्म | ६७ | १६७०१०१७ |
| रु.५ देखि १० लाख सम्म | ३० | २३५०८०७२ |
| रु.१० देखि २० लाख सम्म | १२ | १८२४७७६९ |
| रु.२० देखि ५० लाख सम्म | १७ | ५२०८५२५९ |
| रु.५० लाख देखि माथी | १० | ७७००५३३० |
| जम्मा | १८० | १९०८९२०४४ |

## १५ खरिद योजना

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रू.१० करोडभन्दा बढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ मा वार्षिक रू.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष विभिन्न शीर्षक अन्तर्गत रू.१९ करोड ८ लाख ८९ हजार पुँजीगत खर्च तथा निर्माण कार्य गरेको देखियो। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नु पर्दछ।

१६ **लक्ष्य प्रगति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३५(१)मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाएको देखिएन। बजेट खर्च गर्ने जिम्मेवारी प्राप्त पदाधिकारीले बजेट खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाउन पालिकाको ध्यान जानुपर्दछ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिकप्रगतिस्थिति | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | शून्यप्रगति | १-२५% | २५-५०% | ५०-७५% | ७५-१००% | कुलखर्च |
| २२५२२ | २८८ | १६ | २ | ५ | ११ | २५४ | ५२७०६६४४ |
| ३११०० | २०७ | २७ | ४ | ८ | २० | १४८ | १९०८९२०४४ |
| जम्मा | ४९५ | ४३ | ६ | १३ | ३१ | ४०२ | २४३५९८६८८ |

- पालिकाबाट प्राप्त उल्लिखित विवरण अनुसार ४९५ कार्यक्रम तथा आयोजनाहरु मध्ये शुन्य प्रगती हुने ४३ योजना तथा कार्यक्रम छ। ७५ प्रतिशत भन्दा बढी प्रगती हासिल गर्ने योजना तथा कार्यक्रमको संख्या ४०२ रहेको छ।
- शुन्य प्रगती हासिल हुनुको कारण बजेट नै अर्को कार्यक्रम तथा योजनामा रकमान्तर गरी लाने तथा बजेट भएपनि कार्यक्रम कार्यान्वियन नगरेको कारण शुन्य प्रगति भएको देखिन्छ ।
- ४९५ योजना मध्ये बाहेक ४५२ योजना तथा कार्यक्रममा रू.२४ करोड ३५ लाख ९९ हजार खर्च गरेको छ।

लक्ष्य अनुसारको प्रगती हासिल गर्न पालिकाको ध्यान दिनुपर्छ ।

१७ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। त्यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ मा प्रत्येक कार्यालयले त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष आन्तरिक लेखापरीक्षण गरेको पाइएन। तसर्थ जनशक्तिको व्यवस्थापन गरी कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

१८ **अनुदान फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ र सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ४४ मा क्रमस सङ्घीय सञ्चित कोषबाट र प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको सशर्त, समपुरक र विशेष अनुदानको रकम सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको अवस्थामा उक्त रकम सम्बन्धित सङ्घीय ईकाइका कोषहरुमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार यो वर्ष संघ र प्रदेशबाट प्राप्त उल्लिखित अनुदानको रकमको विवरण निम्नानुसार छन। प्राप्त अनुदान मध्ये यो वर्ष भरी खर्च नभई बाँकी रहेको रकम मध्ये असार मसान्तमा देहाय बमोजिमको रकम फिर्ता गरेको छ।

| निकाय | अनुदान | प्राप्त रकम | खर्च | बाँकि | असार को अन्त्यमा फिर्ता | असार को अन्त्यमा दाखिला भौचर भिडान | श्रावण मा दाखिला भएको | जम्मा फिर्ता रकम |
|---|---|---|---|---|---|---|---|---|
| संघिय | शसर्त चालु | २७५४३५२५० | २४९८६५४८७ | २५५६९७६३ | २६०९४७६३ | २६०९४७६३ | २३७६५०० | २८४७१२६३ |
| | शसर्त पुँजीगत | २५०२५००० | १३८१३४३९ | ११२११५६१ | ८३१००६१ | ८३१००६१ | | ८३१००६१ |
| | विषेश पुँजीगत | ३७०५००० | ३६११५७६ | ९३४२४ | ० | ० | ९३४२४ | ९३४२४ |
| | समपुरक पुँजीगत | ७१३८१९० | ६८२५१८८ | ३१३००२ | ० | ० | ३१३००२ | ३१३००२ |
| | जम्मा | ३११३०३४४० | २७४११५६९० | ३७१८७७५० | ३४४०४८२४ | ३४४०४८२४ | | ३७१८७७५० |
| प्रदेश | शसर्त चालु | ५०००० | ५०००० | ० | ० | ० | | ० |
| | शसर्त पुँजीगत | ३७००००० | ३१४५७१३ | ५५४२८७ | ० | ० | ५५४२८७ | ५५४२८७ |
| | विषेश पुँजीगत | ३६६२५७८ | ३५८५५५२ | ७७०२६ | ० | ० | ७७०२६ | ७७०२६ |
| | समपुरक पुँजीगत | ० | ० | ० | ० | ० | | ० |
| | जम्मा | ७४१२५७८ | ६७८१२६५ | ६३१३१३ | ० | ० | | ६३१३१३ |
| कुल जम्मा | | ३१८७१६०१८ | २८०८९६९५५ | ३७८१९०६३ | ३४४०४८२४ | ३४४०४८२४ | ० | ३७८१९०६३ |

१९ **अनुदानको अनुगमन**

समपुरक तथा बिशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुँदा न ११ र सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७९ को बुदा नं. १२ मा अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा गठित समितिले नियमित अनुगमन गर्नुपर्ने र सोको चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश नीति तथा योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गरी सम्बन्धित मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नुपर्ने व्यवस्था छ। यस पालिकाबाट निम्नानुसार योजनाहरु विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालन भएकोमा उल्लिखित कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाइने प्रणालीको विकास गरेको छैन। त्यसै गरी नागरिक समाज तथा सार्वजनिक सुनुवाई मार्फत निगरानी हुने प्रणलीको विकास गरेको देखिदैन। तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना गरी संचालित योजनाको गुणस्तर तथा सोबाट प्राप्त हुने लाभमा अभिवृद्धि गराउनु पर्दछ।

| क्र स | स्रोत | संचालित योजनाहरु | बजेट खर्च |
|---|---|---|---|
| १ | संघीय समपुरक अनुदान | रामपुर चौराहादेखि घिया हुँदै वडा नं. ६ जाने सडक कालोपत्रे निर्माण आयोजनाटिकापुर नगरपालिका वडा नं. ३ र ६कैलाली / | ३०७८७९४ |
| | | ओजुवा तालको पूर्वाधार निर्माण आयोजना टिकापुर नगरपालिका वडा नं. ७ | ३७४६३९४ |
| २ | संघीय बिशेष अनुदान | आवास कार्यक्रम (दलित तथा जनजाती बस्तीमा आवास घर निर्माण) टिकापुर नगरपालिका वडा नं. ७ र ८ प्रतिपुर र बनगाउँ कैलाली | ३६११५७६ |
| ४ | प्रदेश विशेष अनुदान | बनगाउ बिचकापुरुवा(कालोपत्रे बाँकी रहेको स्थान) देखि वडा न. ३ को सिमाना जोड्ने कालोपत्रे निर्माण टिकापुर नगरपालिका वडा न. १ र ३ | ६३४२७५ |
| | | वडा न. ८ स्थित सुर्यपुर हुलाकी सडक देखि वडा कार्यालय हुदै खक्रौला भन्सार सम्मको सडक कालोपत्रे निर्माणटिकापुर नगरपालिका वडा न. ८ | २९५१२७७ |

## २० लागत साझेदारीमा अनुदान

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत संचालित योजनामा लागत साझेदारी तथा जनश्रमदानको अंश सम्बन्धित लाभग्राही समुदायबाट व्यहोर्नु पर्ने व्यवस्था छ। त्यसै गरी नियमावलीको नियम १२३ मा सार्वजनिक निकायले भुक्तानी गर्दा वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी हुनुपर्ने व्यवस्था छ। रानी जमरा कुलरीया सिचाई आयोजना, कृषि कार्यक्रम कार्यान्वियन ईकाइ टिकापुर कैलालीले एडीवि ७५ प्रतिशत पोस्ट हार्भेस्ट सपोर्ट अनुदान अन्तर्गत निर्माण गर्न लागिएको शीत भण्डारको लागि ए.एम.किराना जेभीसँग मिति १६ अक्टुवर, २०२३ मा रू.७०६६९६९०।०० मा सम्झौता भएकोमा सोको २० प्रतिशतले हुने रू.१४१३३९३८।०० उक्त शीत भण्डार उपभोक्ता समिति अर्थात, रानी जमरा कुलरीया सिचाई प्रणाली जल उपभोक्ता संस्था मूल समिति, टीकापुरले व्यहोर्ने गरी सम्झौता भएको देखियो। उक्त उपभोक्ता समितिले व्यहोर्ने रकम मध्ये रू.६७०३६५८।०० यस पालिकाले व्यहोर्ने गरी उक्त उपभोक्ता समिति र पालिका बीच २०८० पौष २५ मा सम्झौता भएको देखियो। १३औ नगरसभा समेतबाट बजेट विनियोजन गर्ने निर्णयको आधारमा यो वर्ष उपभोक्ता समितिले व्यहोर्नुपर्ने रकम रू.६७०३६५८।०० उक्त आयोजना कार्यान्वियन ईकाइको विविध खर्च खाता(धरौटी खाता)मा दाखिला गरी खर्च लेखेको देखियो। उपभोक्ता समितिले व्यहोर्नुपर्ने रकम पालिकाले उक्त उपभोक्ता समितिको तर्फबाट व्यहोर्ने गरी उपभोक्ता समितिलाई अनुदान दिने गरेको कार्यले नियमावलीको जन सहभागिता सम्बन्धित उपभोक्ता समितिबाट भुक्तानी हुनुपर्ने मर्म अनुरुप हुने अवस्था देखिएन। साथै उक्त रकम तोकिएको प्रयोजनको लागि खर्च भएको सुनिश्चता सहित उक्त निर्माण व्यवसायी र आयोजना कार्यान्वियन ईकाइ बिच भएको सम्झौता अनुसारको कार्य सम्पन्न पश्चात निर्माण कार्य भएको देखिने प्राविधिक नापजाँच, कार्य सम्पन्न प्रतिवेदन तथा अनुगमन प्रतिवेदन तथा खर्च प्रमाणित गर्ने अन्य सम्पुर्ण कागजात पेश हुनुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६७,०३,६५८ |

## २१ अस्पताललाई अनुदान

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ र ४६ मा संघीय सञ्चित कोषबाट प्रदेश र स्थानीय तहलाई हस्तान्तरण गरिने अनुदान सम्बन्धी व्यवस्था उल्लेख छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले संघीय सरकार वा प्रदेश सरकारका कुनै निकायलाई वित्तीय हस्तान्तरण गर्ने सम्बन्धी कुनै व्यवस्था उल्लेख छैन। टीकापुर नगरपालिकाले अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी कुनै कार्यविधि तथा कानून तय गरेको छैन। नेपालको संविधानमा आधाभूत स्वास्थ्यलाई स्थानीय तहको एकल अधिकारको सूचिमा राखिएको छ भने स्वास्थ्यलाई तिनै तहको साझा अधिकार सूचीमा राखिएको छ। यो वर्ष पालिकाले प्रदेश सरकार अन्तर्गतको टीकापुर अस्पतालमा कार्यरत २ विशेषज्ञ चिकित्सकहरु पारिश्रमिक वापत रू.५० लाख ४० हजार खर्च गरेको छ। प्रदेश मातहतको कार्यालयमा कार्यरत कर्मचारीहरुको पारिश्रमिक वापत रकम भुक्तानी गरी खर्च गरेको आधार स्पष्ट देखिएन। कानूनी आधार तर्जुमा गरेर मात्र यस्ता अन्तर सरकारी खर्चलाई व्यवस्थित गर्नुपर्दछ।

२२ **विद्युत प्राधिकरणसँग समन्वय**

नेपाल विद्युत प्राधिकरण र पालिकाको कार्यक्षेत्र फरक फरक छ। नेपाल विद्युत प्राधिकरणले सडक बत्ति वापतको महसुल पालिकालाई भुक्तानी गर्न भनेर रू.५०९९३६४३।०० दावि सहित पालिकालाई पत्राचार गरेको छ। जसको प्रतिक्रीया स्वरुप पालिकाले नेपाल विद्युत प्राधिकरणलाई विद्युत पोलको भाडा वापत रू.५ करोड भन्दा बढिको रकम उपलव्ध गराउन दावी गरी नेपाल विद्युत प्राधिकरणलाई पत्राचार गरेको देखियो।उल्लिखित दुई घटनाले संघीय ईकाईका निकायहरु बीचको सम्बन्ध र कार्यक्षेत्र स्पष्ट भएको संकेत गर्दैन। कार्यक्षेत्रको सम्बन्ध दुबै निकाय स्पष्ट नहुदा उल्लिखित विवाद सृजना भएको देखियो। तसर्थ संघीय निकायहरु विचको सम्बन्ध स्पष्ट हुनुपर्दछ।

२३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

२४ **सेवा प्रवाहको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्य दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्ने गरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन। पालिकाले ऐन बमोजिम प्रवाह गरेका सेवाको अभिलेख व्यवस्थित गर्नु पर्दछ। पालिकाले वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित सरल र प्रभावकारी बनाउनु पर्दछ।

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | १५९ |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | १९७५ |
| मृत्युदर्ता | ६६१ |
| बसाईसराई दर्ता | ५८४ |
| विवाह दर्ता | ९७६ |
| सम्बन्धविच्छेद दर्ता | ४४ |
| पूर्वाधार विकास सडक निर्माण | प्राप्त नभएको |
| कालोपत्रे सडक निर्माण | प्राप्त नभएको |
| कालोपत्रे सडक मर्मत | प्राप्त नभएको |
| ग्राभेल सडक निर्माण | प्राप्त नभएको |
| ग्राभेल सडक मर्मत | प्राप्त नभएको |

२५ **कानून निर्माण एवम् कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि यस पालिकाले हालसम्म १३ वटा ऐन, १० वटा नियमावली, ४७ कार्यविधि लगायत ९२ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। साथै पालिकाले १० वटा कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ।

## २६ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन ९ वटा र यो वर्ष थप भएको २५ गरी कुल ३४ विवाद दर्ता भएकोमा १० वटा फर्स्यौट भई २४ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## २७ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष फोहरमैला व्यवस्थापनको लागि रू.५९९७६०।०० खर्च गरेको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

## २८ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले उल्लिखित कानुनी व्यवस्था बमोजिम सार्वजनिक परीक्षणमा रू.१३५०००।०० खर्च गरेको छ। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

## २९ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्ने व्यवस्था छ। पालिकाको आन्तरिक नियन्त्रण प्रणालीको परीक्षण सम्बन्धमा देखिएको व्यहोराहरू निम्नानुसार छन।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययिता, प्रभावकारीता, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियनमा ल्याउनुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो किसिमको कार्यविधि बनाएको देखिएन।
- पालिका प्रमुखले ३ दिनभन्दा बढी अवधिको भ्रमण आदेश कार्यपालिकाको वैठकबाट स्वीकृत वा अनुमोदन गराउनु पर्नेमा त्यसो नगरी आफैले स्वीकृत गर्ने गरेको देखियो।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक बडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्नेमा त्यस्तो अनुगमन गरेको देखिएन।
- निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति र कर्मचारीको नाम उल्लेख गरेको देखिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहित मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले ऐनको व्यवस्था बमोजिमको मध्यमकालीन खर्च संरचना तयार गरी बजेट व्यवस्थापन गरेको देखिएन।
- वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन।

तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवाप्रवाह सुदृढ बनाउनु पर्दछ।

३० **म्याद नाघेको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ। पालिकाले देहायका व्यक्ति तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रू.५२४१६८।०० बाँकी रहेको देखिन्छ। म्याद नाघेको फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नु पर्दछ।

| सि.नं. | पेश्की लिनेको नाम | पद | पेश्कीको विवरण | म्यादनाघेको | |
|---|---|---|---|---|---|
| | | | | चालु आ.व.को | गत आ.व.को |
| १ | उत्तम बहादुर बुढामगर | हेभी सवारीचालक | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | | ४००००. |
| २ | कृष्ण प्रसाद थारु | | विविध खर्च | | १५०००. |
| ३ | कृष्ण प्रसाद थारु | | संचार महसुल | | ५०००. |
| ४ | निर्मला चौधरी | अधिकृतछैठौं | कार्यक्रम खर्च | | ६३०००. |
| ५ | निर्मला चौधरी | अधिकृतछैठौं | विपद्व्यवस्थापना कोष मार्फत विभिन्न विपद् सम्बन्धी कार्यक्रम | | ७३७८०. |
| ६ | मटराम चौधरी | सहायकपाँचौ | उपभोक्तासमितिका पदाधिकारीहरुका लागि क्षमता विकास तालिम (वडा नं.८) | | ३३९५०. |
| ७ | बल बहादुर रावल | सि.अ.हे.व.अधिकृत | स्वास्थ्यकर्मचारीहरुको लेखा तथा जिन्सीक्षमताअभिवृद्धि कार्यक्रम | (७००००) | ०. |
| ८ | सुन्धारा तालफिल्मसकाठमाण्डौं | | कार्यक्रमखर्च | | १४९१६०. |
| ९ | अनिता चौधरी | ना.प्र.स. | कार्यक्रम खर्च | | ४९०००. |
| १० | पुष्कल विश्वकर्मा | ईलेक्ट्रीसियन | पानी तथाबिजुली | | ३७७८. |
| ११ | राजेन्द्र रावल | ह.स.चा. | इन्धन (पदाधिकारी - ४पाङ्ग्रे जीप) | | ३५०००. |
| १२ | राजेन्द्र रावल | ह.स.चा. | इन्धन (पदाधिकारी ४ पाङ्ग्रे जिप) | | १५०००. |
| १३ | राजेन्द्र रावल | ह.स.चा. | मेशिनरीतथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | | १००००. |
| १४ | राजेन्द्र रावल | ह.स.चा. | सवारी साधनमर्मत खर्च | | १५०००. |
| १५ | राजेश लुहार | | मेशिनरीतथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | | ६५००. |
| १६ | सुरज राज थारु | | मसलन्द तथा कार्यालय सामाग्री | | १००००. |
| | जम्मा | | | (७००००) | ५२४१६८. |

| | |
|---|---|
| पेश्की | ५,२४,१६८ |

३१ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। तर पालिकाले

यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदनमा चालु हालतमा नरहेको उल्लेख गरेका जिन्सी मालसामानहरुको मर्मत तथा लिलामको प्रकृया बढाएको देखिएन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

३२ **कर्मचारीको स्तर वृद्धि**

सुदूरपश्चिम प्रदेश लोकसेवा आयोग ऐन, २०७६ को दफा ७(४)(क) मा स्थानीय सरकारी सेवाको पदमा ६ महिना भन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा, दफा ७(४)(ख) मा स्थानीय सेवाको पदमा कर्मचारीको सेवा, शर्त सम्बन्धी कानूनको विषयमा र दफा ७(४)(ग)मा स्थानीय सेवाको पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा सुदूरपश्चिम प्रदेश लोक सेवा आयोगको परामर्श लिनुपर्ने व्यवस्था छ। त्यसैगरी ऐनको दफा ५५ मा ऐन अनुसार आयोगको परामर्श लिनुपर्ने कुनै कामकारवाही आयोगको परामर्श विना भएको अवस्थामा आयोगले त्यस्तो काम कारवाही बदर गर्न सक्ने व्यवस्था छ। पालिकाले आयोगको परामर्श बेगर देहायका कर्मचारीहरूको २०७७ पौष २७ गते नगरसभाबाट पारित गरि स्तरवृद्धि गरेको देखियो। एक तह स्तर वृद्वि वापत यो वर्ष २७ जनालाई रू.१८०२०२५२.२० भुक्तानी भएको देखियो। कानून बमोजिम आयोगको परामर्श बेगर स्तर वृद्विको निर्णय गरी भएको भुक्तानी नियमित हुनुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | १,८०,२०,२५२.२ |

३३ **अवकास कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष आन्तरिक श्रोतबाट कर्मचारी अवकास कोषमा रू.२००००००।०० ट्रान्सफर गरेको छ। पालिकाले टीकापुर नगरपालिका कर्मचारी कल्याणकारी कोष संचालन कार्यविधि, २०७५ मा कर्मचारीको तलबबाट १० प्रतिशत कट्टा गरी जम्मा गर्ने व्यवस्था गरेको छैन। यसरी स्थानीय सरकार सञ्चालन ऐनले १० प्रतिशत कर्मचारीबाट कट्टा हुने गरी कार्यविधि बनाउनुपर्नेमा सो व्यवस्था नगरेको र प्रत्येक वर्ष रकम विनियोजन गरी जम्मा गर्ने र जम्मा भएको रकम बाट कर्मचारीलाई ऋणको सुविधा उपलब्ध गराउने गरेको छ। पालिकाले कर्मचारीबाट समेत १० प्रतिशत कट्टा हुने र सोही बराबरको रकम जम्मा हुने गरी कानून निर्माण गरी अवकास कोषलाई व्यवस्थित बनाउनु पर्छ।

३४ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १८९ दरबन्दी स्वीकृत रहेकोमा ९० पद पूर्ति भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरणअनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत समेत ९९ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

| क्र.स. | स्वीकृत पद | संख्या | दरबन्दी | | पदपूर्ति(आषाढ मसान्तको स्थिति) | | | | | रिक्त पद |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थाथी | करार | संघबाट समायोजन भई आएको | साविक स्थानीयमा कार्यरत | लोक सेवाबाट पदपूर्ति मार्फत | आन्तरिक पदपूर्ति | करार बाट | |
| १ | उपसचिव | १ | १ | ० | | | | | ० | १ |
| २ | अधिकृत दशौ | १ | १ | | १ | | | ० | ० | ० |
| ३ | अधिकृत सातौ | ५ | ५ | | २ | ३ | | ० | ० | ० |
| ४ | अधिकृत छैटौ | २७ | २५ | २ | २० | ४ | १ | ० | ० | २ |
| ५ | सहायक स्तर पाँचौ | ३७ | ३३ | ४ | ११ | १७ | ६ | ० | ० | ३ |
| ६ | सहायक स्तर चौथो | ४३ | १० | ३३ | ४ | २ | ४ | ० | | ३३ |
| ७ | श्रेणीबिहिन | ७५ | १५ | ६० | २ | १३ | ० | ० | ० | ६० |
| | जम्मा | १८९ | ९० | ९९ | ४० | ३९ | ११ | ० | | ९९ |

## ३५ तलवी प्रतिवेदन

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चं.नं.१८० मिति २०७६।५।१८ को पत्रबाट स्थानीय तहका कर्मचारी र संघबाट स्थानीय तहमा खटिएका कर्मचारीहरूको जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गर्न परिपत्र गरेको छ। पालिकाले यस वर्ष पालिका तथा स्वास्थ्य संस्थामा कार्यरत सबै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी रू.३६७८५०६८।०० तलव खर्च लेखिएकोमा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन। ऐनको व्यवस्था बमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ।

## ३६ कर्मचारी करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। त्यसै गरी सो दफामा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पदमा मात्र प्रतिस्पर्धाको आधारमा करारमार्फत सेवा लिन सकिने व्यवस्था छ। पालिकाले यो वर्ष कार्यालय सहयोगी, स्वास्थ्यकर्मी लगायत विभिन्न पदमा ९८ जना करारमा राखिएका कर्मचारीहरुका लागि रू.३५२५४००५।०० खर्च लेखेको छ।उल्लिखित करार सेवाका पदहरु व्यवस्थापन सर्वेक्षण गरी निर्धारण भएका देखिएन। साथै प्रतिस्पर्धाको आधारमा कर्मचारी नियुक्त नगरी सोझै तथा पुराना कर्मचारीलाई नै निरन्तरता दिएको देखियो।कानुन बमोजिम करार सेवाबाट पुर्ति गरिने पदहरु प्रतिस्पर्धाको माध्यमबाट मात्र पुर्ति गर्नुपर्दछ।

| नगरपालिका तर्फ | संख्या |
|---|---|
| कानून अधिकृत | १ |
| अमिन | १ |
| भा.स.च. | २ |
| ह.स.चा. | १ |
| का.स. | १४ |
| कुचिकार | १ |
| इलेक्ट्रीसियन | २ |
| सरसफाई कर्मी | ९ |
| स्वीपर | ३ |
| मुखिया | १ |
| पार्क स. व्यवस्थापन | २ |
| पार्क स. | १ |
| अ.स.ई. | ४ |
| अपरेटर | १ |
| चौकीदार | १ |
| सा.प. | ८ |
| ना.प्र.स्व.प्र. | २ |
| ना.प्र.स. | २ |
| नगर प्रहरी | ५ |
| जम्मा | ६१ |
| **स्वास्थ्य चौकी तर्फ** | |
| ल्या.अ. | २ |
| अ.हे.व. | ८ |
| अ.न.मी. | १० |
| का.स. | ९ |
| स्वीपर | ३ |
| सा.औलो स्वास्थय कर्मी | २ |
| ना.उ.स. सहयोगी | १ |
| ह.स.चा. | १ |
| स्टाफ नर्स | १ |
| | |

| | |
|---|---|
| जम्मा | ३७ |
| कुल जम्मा | ९८ |

३७ **वडा सचिवको पदपुर्ति**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरवन्दी र पदपुर्तिको अवस्था निम्नानुसार छन्। रिक्त वडा सचिवहरुको पदपुर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

| वडा संख्या | वडा सचिवको दरवन्दी | वडा सचिवको पदपुर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ९ | ९ | ८ | १ |

३८ **नगर प्रहरी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगर प्रहरी गठन, संचालन व्यवस्थापन नियमन तथा नगर प्रहरी सम्बन्धी नीति कानुन र मापदण्डको निर्माण तथा कार्यान्वियन गर्न सक्ने अधिकारी स्थानीय तहमा रहेको उल्लेख छ। जसको लागि स्थानीय तहले कानून मापदण्ड तथा कार्यविधि तर्जुमा गरी सभाबाट पारित गरी राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनुपर्दछ। पालिकाले नगर प्रहरी संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि तर्जुमा तथा स्वीकृत गरेकोमा राजपत्रमा प्रकाशन गरेको छैन। राजपत्रमा प्रकाशन नभएको कार्यविधिको बैधानिकता रहने अवस्था देखिदैन। उल्लिखित कार्यविधि राजपत्रमा प्रकाशन नभएको अवस्थामा पाँच जना नगर प्रहरी नियुक्त गरी रू.२० लाख ८८ हजार २८२ खर्च गरेको देखियो। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

३९ **पारिश्रमिक कर कट्टि**

आयकर ऐन, २०५८ को दफा ८ मा रोजगारीबाट भएको आय गणना गर्दा ज्याला, तलव,विदा वापतको रकम, अतिरिक्त समय काम गरे वापतको रकम, शुल्क कमिशन, पुरस्कार, उपहार, बोनस र अन्य सुविधा वापतको भुक्तानी तथा निजको सम्बद्ध व्यक्तिगत प्रयोजनको लागि रोजगारदाताले गरेको सबै भुक्तानी समावेस गर्नुपर्ने व्यवस्था छ। आयकर नियमावली, २०५९ को नियम ३१ मा रोजगारी आय वापत कर गणना गर्दा रोजगारीबाट प्राप्त हुने वार्षिक आम्दानीमा लाग्ने कर दायित्व हिसाव गरी मासिक रुपमा दामासाहीले कट्टि गर्नुपर्ने व्यवस्था छ। पालिकाले टिकापुर अस्पतालमा कार्यरत निम्नानुसार चिकित्सकहरुलाई निम्नानुसार भुक्तानीमा उल्लिखित ऐन र नियमावलीको व्यवस्था अनुसार कर गणना गर्दा भुक्तानीमा कट्टि गरेको कर रकम नपुग हुने देखिएकोले नपुग कर सम्बन्धित चिकित्सकहरुबाट असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ३९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,९०,९९७.५ |

४० **अवकाश भुक्तानीमा कर**

आयकर ऐन २०५८ को दफा ८८ को उपदफा १ मा नेपाल सरकारबाट भएको अवकाश भुक्तानी वा स्वीकृत अवकाश कोषबाट भएको योगदानमा आधारित अवकाश भुक्तानीबाट रू.५००००० वा भुक्तानी भएको रकमको ५० प्रतिशत मध्ये जुन बढी हुन्छ सो घटाई बाँकी रहेको भुक्तानीमा ५ प्रतिशत कर लाग्ने व्यवस्था छ। यस आ.व.मा देहायका कर्मचारी अवकाश हुँदा १.५ प्रतिशत मात्र कट्टा गरी अवकास भुक्तानी गरेको छ। अतः निमयमानुसार लाग्ने भन्दा घटी कर कट्टि भएकोले नपुग कर सम्बन्धित कर्मचारीहरुबाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला हुनुपर्दछ।

| सि.नं. | नाम | उपदान रकम | छुट हुने रकम | ५ प्रतिशतले हुने कर | कट्टा भएको कर | बाँकी कर |
|---|---|---|---|---|---|---|
| १ | खुसीराम थारु | १५६९५४६ | ७८४७७३ | ३९२३९ | २३५४३ | १५६९५ |
| २ | पृथ्वी बहादुर थारू | १५८३५०६ | ७९१७५३ | ३९५८८ | २३७५२ | १५८३६ |
| ३ | कर्ण बहादुर रावत | १५९७२८९ | ७९८६४५ | ३९९३२ | २३९५९ | १५९७३ |
| | जम्मा | | | | | ४७५०४ |

| असुल गर्नुपर्ने | ४७,५०४ |
|---|---|

४१ **पदाधिकारी सुविधा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाको यो वर्ष पदाधिकारी सुविधाको वापत रू.१३३७२०८३।०० खर्च गरेकोमा पालिकाको आन्तरिक आय रू.७४६८८४५६५।६३ रहेको छ। जुन आन्तरिक आयको १.७९ प्रतिशत हुन जान्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

४२ **इन्टरनेट मर्मत शुल्क भुक्तानी**

दुरसंचार नियमावली, २०५४ (संशोधन समेत) को नियम १५(१) को खण्ड (ज) ग्राहकलाई उपलब्ध गराएको दूरसंचार सेवा कुनै कारणले बिग्रेमा प्राधिकरणले तोकिदिएको स्तर अनुरुप निःशुल्क मर्मत संभार गर्नु पर्ने व्यवस्था छ। साथै दूरसंचार सेवा अन्तर्गत फिक्स्ड वायर्ड ब्रोडब्याण्ड सेवा प्रदान गरे वापत लाग्ने महशुल रकमको बढीमा पचास प्रतिशतसम्म मर्मत संभार शुल्क लगाउन सक्ने छ भन्ने व्यवस्था छ। देहायका दूरसंचार सेवा प्रदायकले यस कार्यालयलाई ईन्टरनेट सेवा शुल्क प्रदान गरे वापत इन्टरनेट शुल्क र सोहीको शत प्रतिशत रकम मर्मत संभार शुल्क समेत भुक्तानी लिएको देखिएकोले ईन्टरनेट सेवा शुल्कोको पाचास प्रतिशत भन्दा बढी भुक्तानी भएको रकम प्रदायकबाट असुल उपर गर्नुपर्ने रू

| | गोश्वरा भौचर नं./मिति | विजक नं. | ईन्टरनेट सेवा शुल्क | मर्मत शुल्क | ५० प्रतिशतले हुने रकम |
|---|---|---|---|---|---|
| Worldlink Communications Ltd. | २५२-२०८०/०९/०५ | ११२८०५५ | १४२८५ | १४२८५ | ७१४३ |
| | | ११२८०२४ | १४२८५ | १४२८५ | ७१४३ |
| | २०७-२०८०/०९/०६ | ११३०४५७ | ९५२३ | ९५२४ | ४७६२ |
| | | ११२८२२२ | ९५२३ | ९५२४ | ४७६२ |
| | | ११२८१३० | ९५२३ | ९५२४ | ४७६२ |
| | | ११२८१११ | ९५२३ | ९५२४ | ४७६२ |
| | | १११८१५९ | ८५७१ | ८५७१ | ४२८६ |
| | | ११२८२३३ | ८००० | ८००० | ४००० |
| | | ३४४१९३१ | १४२८५ | १४२८५ | ७१४३ |
| | ९१२-२०८१/२/२४ | ३३६५३५१ | ९५२४ | ९५२४ | ४७६२ |
| | | ३३६५३०७ | ९५२४ | ९५२४ | ४७६२ |
| | | ३५०८६९४ | ७४२८ | ७४२८ | ३७१४ |
| Websurfer Nepal Communications System Pvt.Ltd | ५५१-२०८०/१९/२७ | SI/004343/8081 | ४९७६ | ४९७६ | २४८८ |
| | | SI/004588/8081 | ५४२८ | ५४२८ | २७१४ |
| | | SI/004663/8081 | ५४२८ | ५४२८ | २७१४ |
| | | SI/004474/8081 | ४५७१ | ४५७१ | २२८६ |
| | | SI/004344/8081 | ५४२८ | ५४२८ | २७१४ |
| | | जम्मा | | | ७४९१४ |

| असुल गर्नुपर्ने | ७४,९१७ |
|---|---|

## ४३ सूचना प्रकाश खर्च

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न गर्नुपर्दछ। पालिकाले पत्रपत्रिकालाई सूचना प्रकाशन, शुभकामना सन्देश, विज्ञापन प्रकाशन लगायत अन्य कार्यको लागि रू.३५७१९५५।०० खर्च गरेको छ। यस्ता खर्चलाई मितव्ययिता अपनाई नियन्त्रण गर्नु पर्छ।

| सि.नं. | शिर्षक | खर्च रकम |
|---|---|---|
| १ | लोक कल्याणकारी सूचना तथा सन्देश प्रवाह कार्यक्रम | १४४१५२१. |
| २ | पत्रपत्रीका छपाई | २१३०४३४ |
| | जम्मा | ३५७१९५५. |

## ४४ टिकापुर नगरविकास समिति

टीकापुर नगर क्षेत्र भित्र पर्ने जग्गालाई वस्न लायक सहरको रूपमा रूपान्तरण गर्न शहरी विकासको अवधारण अनुरूप ब्यवस्थित शहरी पूर्वाधार तयार गर्न यस २०६४ सालमा नगर विकास समितिको स्थापना भई २०७५ सालमा टीकापुर नगरपालिकालाई हस्तान्तरण भएको देखियो। यसको कार्य क्षेत्र टीकापुर नगरपालिका भित्र रहेको छ। समितिको यो वर्षको आय व्ययको परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छन।

४४.१ **आर्थिक विवरण-** टीकापुर नगर विकास समितिको आर्थिक २०८०/८१ को आय र ब्ययको विवरण निम्नानुसार रहेको छ।

| नगद प्राप्त विवरण (आय) | रकम | नगद भुक्तानी विवरण (व्यय | रकम |
|---|---|---|---|
| गत नगद तथा बैकअल्या | ५,७०,०४,८०८.२५ | कर्मचारी तलब भता खर्च | २१,३०,८९०.०० |
| सिटी हल भाडाआम्दानी | २४,०००.०० | पोषाक खर्च | ६०००० |
| नक्सा प्रिन्टआम्दानी | ५०४६७० | बैठक भता | १,०६,५०० |
| ब्याज प्राप्तआम्दानी | १९२६६.१७ | चाड पर्व खर्च | १७३१४८.६ |
| ब्याज प्राप्तआम्दानी सानिमा | १२२७९५७.६४ | इन्धन खर्च | १,०३,३३३.६० |
| ब्याज प्राप्त एन.आई.सी | १४७१९४९.६४ | पदाधिकारी संचार खर्च | ३०००० |
| अग्रीम कट्टी | ८२१३३ | मसलन्द तया छपाइ खर्च | ८१,०४५.०० |
| | | सुचना, इन्टरनेट तथा सञ्चार खर्च | १३,००० |
| | | वत्ति. विजुली, पानी खर्च | १६०५८३.९३ |
| | | दैनिक भ्रमण भत्ता | ९७,३००.०० |
| | | कार्यलय सामान मर्मत खर्च | ५३,२३०.०० |
| | | गाडी भाडा खर्च | २७,१२० |
| | | विविध खर्च | २,८९,९६९.०० |
| | | अग्रिम कर कट्टी दाखिला | ८२,१३३ |
| | | अन्तिम नगद तथा बैंक मौज्दात | ५६९२६५३१.५७ |
| जम्मा | ६,०३,३४,७८४.७० | | ६,०३,३४,७८४.७० |

४४.२ **महंगी भत्ता-** करार कर्माचारीलाई सेवा सुविधा भुक्तानी गर्दा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४।१।२१ को निर्णयानुसार दरबन्दी भित्रका करार कर्मचारीलाई दिने सेवा सुविधा सम्बन्धि २०७४।१।२५ को पत्राचार अनुसारको सुविधा मात्र भुक्तानी गर्नुपर्दछ। उक्त पत्रानुसार करार कर्मचारीलाई स्थानीय भत्ता र महंगी भत्ता भुक्तानी गर्न मिल्ने देखिदैन। त्यस्तै अर्थ मन्त्रालयको च.नं. १७१९ मिति २०७९।१।२१ को पत्रबाट पनि महंगी भत्ता उपलब्ध गराउन नसकिने जनाएको छ। नगर विकास समितिले यस आर्थिक वर्षमा देहायका ६ जना करार कर्मचारीलाई महंगी भत्ता मासिक २००० का दरले ७ महिनाको महँगी रू.८४०००।०० भुक्तानी गरेको देखियो। अतः नपाउने सुविधा असुल हुनु पर्ने रू

| सि.नं. | नाम | महगी भत्ता | श्रावण देखी माघ सम्म | जम्मा भुक्तानी |
|---|---|---|---|---|
| १ | धनिराम भण्डारी | २००० | ७ | १४००० |
| २ | नेत्र बहादुर रावल | २००० | ७ | १४००० |
| ३ | कविता जैसी | २००० | ७ | १४००० |
| ४ | लोक बहादुर थापा मगर | २००० | ७ | १४००० |
| ५ | कुलो बहादुर चौधरी | २००० | ७ | १४००० |
| ६ | चिंगु थारू | २००० | ७ | १४००० |
| | जम्मा | | | ८४००० |

| असुल गर्नुपर्ने | ८४,००० |
|---|---|

४५ **घर भाडा**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) रीत पुगे वा नपुगेको जाँच भुक्तानी दिनु पर्ने व्यवस्था छ। पालिकाले कार्यालय प्रयोजनका लागि घर भडामा लिई रू.४४४०००।०० भुक्तानी भएको देखियो। भाडामा लिइएका भवनहरु कार्यालयकै प्रयोजनको लागि उपयोग भएको सुनिश्चित हुनुपर्दछ।

४६ **ईन्धन खर्च**

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०७७ मा सवारी साधन प्रयोग गर्ने व्यक्तिलाई सोही अनुसार विभिन्न परिमाणमा ईन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार २ पाङ्ग्रे ४८ थान, व्याकहोल्डर १, ट्र्याक्टर ४, फोहोर वहान १, शव बहान १, बरुणयन्त्र १ समेत ६० ईन्धन खपत गर्ने मेशिन तथा उपकरण रहेकोमा इन्धन शिर्षकमा रू. ७९०००००।०० गरेको छ। सवारी साधन प्रयोग गर्ने पदाधिकारीहरुले प्रयोग गरेको ईन्धनको अभिलेख र दमकल, ब्याकहो लोडर जस्ता मेशिनको प्रयोग अवधि र उक्त मेशिनहरुले खपत गर्ने ईन्धनको मापदण्ड समेत नबनेकोले ईन्धन खपतको वस्तुगत परीक्षण गर्न सकिने अवस्था देखिएन। ईन्धन खपत सम्बन्धमा Public Asset Management System (PAMS) को पुर्ण रुपमा प्रयोग गरी इन्धन खर्चको व्यवस्थित अभिलेखाङ्कन गरी ईन्धन खर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ।

४७ **मर्मत सम्भार खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रीया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। त्यसै गरी म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गत देहायअनुसार सवारी साधन रहेकोमा उल्लिखित सवारी साधनहरुको मर्मतमा रू.५९२४५०५।०० खर्च गरेको छ। मर्मतलाई मितव्ययी बनाउन तोकिएको ढाँचामा अभिलेखाङ्कन गरी अध्यावधिक गर्नुपर्ने तर्फ पालिकाको ध्यान दिनु पर्छ।

| सि.नं. | गाडी | संख्या |
|---|---|---|
| १ | ट्याक्टर | ४ |
| २ | फोहर बाहन | १ |
| ३ | शव वाहन | १ |
| ४ | टिप्पर | १ |
| ५ | मिनि टिप्पर | १ |
| ६ | जिप | २ |
| ७ | बरूण यन्त्र | १ |
| ८ | भ्याकु लोडर | १ |
| ९ | मोटर साइकल | ४१ |
| १० | स्कुटर | ७ |

४८ **अतिथि सत्कार**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष विविध खर्च

अन्तर्गत अतिथि सत्कार वापत रू.९१४२८५।०० खर्च गरेको छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ।

## ४९ मसलन्द तथा कार्यालय सामग्री

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले विभिन्न समयमा पटक पटक गरी निम्नानुसार रू.६६४११२७।०० को कार्यालय मालसमान खरिद गरेको देखियो। खरिदलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

## ५० विविध खर्च

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष खाना, खाजा, सभा संचालन तथा अन्य विविध शिर्षकमा रू.५६१७०८०।४५ खर्च गरेको छ।विविध खर्चलाई आन्तरिक आयको आकार सँग तादम्यता कायम गरी खर्चको औचित्य समेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्न पालिकाको ध्यान जानु पर्दछ।

## ५१ अन्य कार्यालयको खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ।यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| सि. नं. | **विवरण** | **प्रयोजन** | **खर्च रकम** |
|---|---|---|---|
| १ | सशस्त्र प्रहरी वल नेपाल | कार्यालय समान खरिद | ५०००० |
| २ | राजश्व भन्सार तथा औद्योगीक तालिम शिक्षालय | सवारी साधन मर्मत | २९९८६४ |
| ३ | नेपाल आदीबासी जनजाती पत्रकार महासंघ | विविध कार्यको लागि | ७३८३३ |
| ४ | लम्की जेसिस | विविध कार्यको लागि | २४५८० |
| ५ | श्रम सहकारी संस्था लि | कर्मचारी तालिम | २५००० |
| ६ | इलाका प्रहरी कार्यालय, टिकापुर | गाडी मर्मत | २००००० |
| ७ | टिकापुर बहुमुखी क्याम्पस | चमेना गृह | ४९११९५ |
| ८ | टिकापुर अस्पताल | २ जना डाक्टर एक वर्षको तलब | ५०४०००० |
| ९ | टिकापुर उद्योग बाण्जिय संघ | मेला संचालन | १०००००० |
| १० | टिकापुर जेसिस | अफिस फर्निचर खरिद | २४१९३३ |
| ११ | नगरपालिका महसंघ | सदस्यता शुल्क नविकरण | १५०००० |
| १२ | ईलाका प्रहरी कार्यालय | बुक र्याक निर्माण | २८००० |
| १३ | ईलाका प्रहरी कार्यालय | ईन्धन | २७०००० |

५२ **नाफामूलक संस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। उल्लिखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन। यो वर्ष देहाय अनुसारका नाफामूलक संस्थाहरुलाई भवन निर्माण, कार्यालय व्यवस्थापन लगायतमा अनुदान दिएको देखियो। यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ। साथै यस्ता खर्चको विवरण पालिकाले आफ्नो वेभसाइट मार्फत सार्वजनिक समेत गरी पारदर्शिता प्रवर्धन गर्नुपर्दछ।

| **क्र सं** | **अनुदान प्राप्त गर्ने संस्था** | **अनुदान व्यहोरा** | **अनुदान रु.** |
|---|---|---|---|
| १ | पशुपति ग्रामिण विद्युत सहकारी संस्था | पर्खाल निर्माण | १४९६४७।०० |
| २ | सुनसुनीय ग्रामिण विद्युत सहकारी संस्था | भवन निर्माण | १३३५५८२।०० |

५३ **वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार विभिन्न मेला महोत्सव जस्ता सांस्कृतिक तथा धार्मिक कार्यमा रू.१८५१०००।०० भुक्तानी दिएको देखियो। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ। वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ। साथै यस्ता खर्चको विवरण पालिकाले आफ्नो वेभसाइट मार्फत सार्वजनिक समेत गरी पारदर्शिता प्रवर्धन गर्नुपर्दछ।

| क्र स | कार्यक्रमको नाम | रकम |
|---|---|---|
| १ | टीकापुर महोत्सव | १००००००।०० |
| २ | माघी लगन सांस्कृतिक कार्यक्रम संचालन | ५००००।०० |
| ३ | कमैया मुक्ति दिवस संचालन | १५०००।०० |
| ४ | गुरही पर्व संचालन | १५०००।०० |
| ५ | कृष्णजन्माष्टमी मेला संचालन | ६००००।०० |
| ६ | गणपति मेला संचालन | १०००००।०० |
| ७ | हरितालिका तीज संचालन | १८००००।०० |
| ८ | घाँसे मेला संचालन | ७५०००।०० |
| ९ | गणेश उत्सव संचालन | ५५०००।०० |
| १० | महायज्ञ संचालन | ५१०००।०० |
| ११ | ब्याडमिन्टन प्रतियोगिता | १५००००।०० |
| १२ | नेपाल आदिवासी जनजाती पत्रकार महासंघ | १०००००।०० |
| | जम्मा | १८५१०००।०० |

५४ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवम् संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले आर्थिक सहायता प्रयोजन वापत यस वर्ष विभिन्न व्यक्तिलाई रू.१८१४०००।०० आर्थिक सहायता वितरण गरेको देखियो।यस्तो विविध प्रकृतिको खर्चलाई आन्तरिक आयको आकार सँग तादम्यता कायम गरी खर्चको औचित्य

समेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्नुपर्दछ।साथै यस्ता खर्चको विवरण पालिकाले आफ्नो वेभसाइट मार्फत सार्वजनिक समेत गरी पारदर्शिता प्रवर्धन गर्नुपर्दछ।

| क्रस | विवरण | जम्मा रू |
|---|---|---|
| १ | सामाजिक सहायता खर्च | १०००००० |
| २ | हाम्री छोरी प्यारी छोरी कार्यक्रम | ८१४००० |

५५ **नियम पालना नगरी बिज्ञापन खर्च**

विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८० को नियम ६क. को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको भए सञ्चारमाध्यमले जारी गरेको विलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने र यसरी भुक्तानी गर्दा बिज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१(२)(ख) बमोजिम खर्च रकमको तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गर्ने व्यवस्था छ । यस कार्यालयबाट भुक्तानी भएका केही सूचना तथा विज्ञापनको नमुना छनोट गरी परीक्षण गर्दा सञ्चारमाध्यमले जारी गरेको विलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी नगरेको तथा तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गरेको समेत देखिएन ।यस कार्यालयबाट विज्ञापनबापत भुक्तानी गर्दा उल्लिखित वेहोरा अनुसार भए नभएको कार्यालयबाटै यकिन गरी निम्न अनुसार भुक्तानी गर्दा ३ प्रतिशतले हुने रकम बिज्ञापन बोर्डमा जम्मा गरेको प्रमाण पेश हुनुपर्ने रु.

| सि.नं. | विवरण | कर योग्य रकम | ३ प्रतिशतले हुने कर |
|---|---|---|---|
| १ | स्कसेस एडभरटाइजिङ्ग | ११३०५० | ३३९२ |
| २ | नेसनल क्रिएसन एण्ड मिडीया स्पोर्ट | ११९००० | ३५७० |
| ३ | दिक्षान्त विज्ञापन सेवा | १०५००० | ३१५० |
| ४ | स्कसेस एडभरटाइजिङ्ग | १६६६०० | ४९९८ |
| ५ | ट्रिलक्ष्मी एडभरटाइजिङ्ग | १३०९०० | ३९२७ |
| ६ | लक्ष्मी नारायण विज्ञापन सेवा | १३८०८० | ४१४२ |
| ७ | क्रिएटिभ मिडिया प्रिन्ट प्रा.लि. | १४८७५० | ४४६३ |
| ८ | ट्रिलक्ष्मी एडभरटाइजिङ्ग | १६६६०० | ४९९८ |
| ९ | नेसनल क्रिएसन एण्ड मिडीया स्पोर्ट | १३०९०० | ३९२७ |
| १० | स्कसेस एडभरटाइजिङ्ग | १०११५० | ३०३५ |
| ११ | नेसनल क्रिएसन एण्ड मिडीया स्पोर्ट | ८३३०० | २४९९ |
| १२ | सुमि पब्लिकेशन प्रा.लि. | १०५००० | ३१५० |
| १३ | स्कसेस एडभरटाइजिङ्ग | १२८५२० | ३८५६ |
| १४ | ट्रिलक्ष्मी एडभरटाइजिङ्ग | ८५६२० | २५६९ |
| १५ | नेसनल क्रिएसन एण्ड मिडीया स्पोर्ट | ८५६८० | २५७० |
| १६ | प्रफेक्ट एड एजेन्सी प्रा.लि. | १२८५२० | ३८५६ |
| १७ | फाबुलस मिडिया प्रा.लि. | १६०६५० | ४८२० |
| १८ | फाबुलस मिडिया प्रा.लि. | १४८७५० | ४४६३ |
| १९ | फाबुलस मिडिया प्रा.लि. | ८४००० | २५२० |
| २० | क्रिएटिभ मिडिया प्रिन्ट प्रा.लि. | १२९४१२ | ३८८२ |
| | जम्मा | | ७३७८४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७३,७८७ |

५६ **के वाइ सी अद्यावधिक नभएको**

सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैँकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ। बैँकले पालिका बाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन। जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा एकिन हुन नसक्ने र खाता दोहोरो पर्न जाने भएकोले बैँकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ।

५७ **अनुगमन तथा निरीक्षण**

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ।

पालिकाले सो कार्य गरेको पाइएन। यस तर्फ पालिका क्रियाशिल हुनुपर्ने देखिन्छ।

५८ **पारदर्शिता**

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा कार्यालयले उल्लिखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिमा उल्लिखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

५९ **वर्गगत सामाजिक सुरक्षा खर्च**

यस पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत यस बर्षमा विभिन्न बैँकबाट मात्र जम्मा रू.३३३७७९४२४ वितरण गरेको विवरण उपलब्ध गराएकोमा वर्गगत सामाजिक सुरक्षा भत्ता वितरणको विवरण निम्नानुसार छन।

| सामाजिक सुरक्षा भत्ता पाउने समुह | कायम संङ्ख्या | वितरण गरेको संङ्ख्या | निकासा रकम | वितरण गरेको रकम | फिर्ता |
|---|---|---|---|---|---|
| अन्य जेष्ठ नागरिक भत्ता | १८४४४ | १८४२३ | २१९२४२०५५ | २१९०८२०५८ | १५९९९७ |
| जेष्ठ नागरिक भत्ता (दलित) | २९२७ | २९२६ | २२९०५९९५ | २२८९८०१५ | ७९८० |
| जेष्ठ नागरिक एकल महिला | २४६९ | २४६९ | १९५९४८११ | १९५९४८११ | ० |
| विधवा | ६१७८ | ६१७८ | ४८८१४५७७ | ४८८१४५७७ | ० |
| पूर्ण अपाङ्गता भत्ता | ३२३ | ३२३ | ३८२५२२७ | ३८२५२२७ | ० |
| अति अशक्त अपाङ्गता भत्ता | १६६४ | १६६४ | १०४८४७९३ | १०४८४७९३ | ० |
| दलित बालबालिका | ३३७७ | ३३७६ | ५०९४३६२ | ५०९३९३३ | ४२९ |
| लोपन्मुख जाति | ३३३ | ३३३ | ३९८६०१० | ३९८६०१० | ० |
| जम्मा | ३५७१५ | ३५६९२ | ३३३९४७८३० | ३३३७७९४२४ | १६८४०६ |

६० **त्रैमासिक वितरण**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तर्फ ९ वडाका लाभग्राहीको खातामा भत्ता रकम जम्मा गर्न बैंक मार्फत प्रथम त्रैमासिकमा रु.८१३१४४६६।- दोस्रो त्रैमासिकमा रु. ८३०६०१३२।- तेस्रो त्रैमासिकमा रु. ८४०७३०२५।- र चौथो त्रैमासिकमा रु. ८५३३१८०१।- समेत रु. ३३३७७९४२४।– निकासा गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

| वडा नं. | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | जम्मा खर्च |
|---|---|---|---|---|---|
| वडा नं १ | ३३४८७४७० | ३४४४९१७९ | ३४९४३६७२ | ३५६६५५५२ | १३८५४५८७३ |
| वडा नं २ | ९६७४२२५ | ९८९१९९२ | ९९९७८९७ | १०१७५२७२ | ३९७३९३८६ |
| वडा नं ३ | ४९९२८४६ | ५१२३०६६ | ५१४७३६२ | ५२००८७८ | २०४६४१५२ |
| वडा नं ४ | ४२२६३८५ | ४२८०४३९ | ४३०५९७० | ४३२०७३२ | १७१३३५२६ |
| वडा नं ५ | ६७३८८६५ | ६८८३४४८ | ६९४९६७७ | ६९६१८०२ | २७५३३७९२ |
| वडा नं ६ | ५३४०४२८ | ५३८८४७८ | ५४२०४३३ | ५५१४६१६ | २१६६३९५५ |
| वडा नं ७ | ६४९३९८८ | ६५४५८३२ | ६६२६६९० | ६६६५०१० | २६३३१५२० |
| वडा नं ८ | ६७४२४९१ | ६८३५९९३ | ६९७२५९१ | ७०७६२४९ | २७६२७३२४ |
| वडा नं ९ | ३६१७७६८ | ३६६१७०५ | ३७०८७३३ | ३७५१६९० | १४७३९८९६ |
| जम्मा | ८१३१४४६६ | ८३०६०१३२ | ८४०७३०२५ | ८५३३१८०१ | ३३३७७९४२४ |

## ६१ करार शिक्षकको तलव भत्ता

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०८०।८१ को लागि स्वीकृत तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकासित कार्यक्रम कार्यान्वियन पुस्तिकाको खण्ड २ मा स्वीकृत दरवन्दीमा कार्यरत स्थायी तथा अस्थायी/करार र शिक्षण राहत अनुदान कोटामा कार्यरत शिक्षक तथा प्रारम्भिक वाल विकास शिक्षकको तलव भत्ताको लागि वित्तीय हस्तान्तरण मार्फत जाने सशर्त अनुदानबाट खर्च लेख्नुपर्ने व्यवस्था छ। त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा पालिकाको कार्यक्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी र सेवा करारमा लिइने दरवन्दी प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। अस्थायी प्रकृतिको दरवन्दी सिर्जना गर्न नहुने व्यवस्था छ। साथै शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ। पालिकाले दरबन्दी स्वीकृत नगरी निम्नानुसार विद्यालयहरुमा ६९ शिक्षक करारमा नियुक्त गरी यो वर्ष समानीकरण अनुदान / राजस्व बाँडफाट स्रोतबाट रू.१५४८४३२२।०० तलब भत्ता वापत भुक्तानी गरेको देखियो। कार्यबोझ र पालिकाको आफ्नो आयको आकार समेतको आधारमा विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपातका आधारमा सर्वेक्षण गरेर मात्र शिक्षकको दरबन्दी सिर्जना गरी शिक्षकको तलव खर्च लेख्नुपर्दछ। यो वर्ष पालिका अनुदानमा कार्यरत शिक्षक र विद्यालयमा रहेको शिक्षक विद्यर्थीको अनुपातको विवरण निम्नानुसार छन। जस अनुसार कालिका राष्ट्रिय प्रा वि चौगुर्जीमा प्रति शिक्षक विद्यार्थी संख्या ११, राष्ट्रिय मा वि मनिकापुरमा प्रति शिक्षक विद्यार्थी संख्या १६ र पशुपतिनाथ प्राविमा प्रति शिक्षक विद्यार्थी संख्या १४ रहेको अवस्थामा समेत पालिकाले अनुदानमा करार शिक्षक राखी खर्च गरेको कार्य नियमित हुनुपर्दछ।

| क्र.स. | विद्यालयको नाम | विद्यार्थी संख्या | जम्मा कार्यरत शिक्षक संख्या | प्रति शिक्षक विद्यार्थी | पालिका अनुदानमा कार्यरत शिक्षक संख्या | पालिका अनुदान शिक्षकको लागि निकासा भएको अनुदान रकम रु |
|---|---|---|---|---|---|---|
| १ | श्री राष्ट्रिय आ.वि. अरुणाँफाटा सुर्यपुर | १८४ | ८ | २३ | ३ | ७३२००० |
| **२** | **श्री कालिका राष्ट्रिय प्रा.वि. चौगुर्जि** | **५५** | **५** | **११** | **१** | **२१८०००** |
| ३ | श्री भानुभक्त रा.आ.वि. खक्रौला | २१७ | ७ | ३१ | २ | ६१११६१ |
| ४ | श्री सेतिमैया मा.वि. झुंगा | ३६० | ११ | ३३ | २ | ४३०६६६ |
| ५ | श्री त्रिभुवन मा.वि. बटनपुर | ४५१ | १९ | २४ | १ | १९०००० |
| ६ | श्री कर्णाली राष्ट्रिय प्रा.वि. तोलिगाँउ(बालबिकास को) | ७८ | ० | | ० | ० |
| ७ | श्री कर्णाली मा. वि. सत्ति | ७४५ | २० | ३७ | ० | ५४००० |
| ८ | श्री जनता रा मा वि सुनाँहाफाटा | ३४१ | १२ | २८ | ४ | ७३४००० |
| ९ | श्री राष्ट्रिय मा.वि. नारायणपुर | ४६४ | १५ | ३१ | ० | ० |
| १० | श्री जनज्योति प्रा वि भर्तापुर | ४६ | ३ | १५ | ० | ० |
| ११ | श्री खड्ग प्रा.वि. भगवानपुर | ११७ | ४ | २९ | २ | ४३०६६६ |
| १२ | श्री ज्योति आ वि शिवनगर (एकमुष्ट अनुदान को) | ८९ | ० | | ० | ० |
| १३ | श्री जनज्योति आ वि ज्योतिनगर | २६० | ७ | ३७ | ३ | ७३२००० |
| १४ | श्री पद्मा प्रा.वि.घिया | ९३ | ३ | ३१ | ० | ० |
| १५ | श्री केदारेश्वर प्रा.वि. शंकरपुर | ११५ | ४ | २९ | १ | २१८००० |
| १६ | श्री कर्णालेश्वर प्रा.वि. | १८३ | ४ | ४६ | १ | २१८००० |
| १७ | श्री नवदुर्गा आ.वि. व्यवसायक्षेत्र | २०६ | ८ | २६ | ४ | ९८०२८० |
| १८ | श्री कालिका आ.वि. राजिपुर | ३०३ | ८ | ३८ | ४ | १०३७५८२ |
| १९ | श्री कर्णाली मा वि टीकापुर | २५७० | २५ | १०३ | ८ | १७२७७०० |
| २० | श्री जनप्रकाश आ वि वाघमारा | २४१ | ९ | २७ | ३ | ६८८००० |
| २१ | श्री त्रिभुवन रा.मा.वि. मौरनिया वसन्ता | २२८ | १० | २३ | २ | ४३६००० |
| २२ | श्री खड्ग स्मृति मा वि टिकापुर | १९१० | २० | ९६ | ५ | ११९४००० |
| २३ | श्री हिमालय मा वि घिया | ३४९ | २१ | १७ | २ | ४३६००० |
| **२४** | **श्री राष्ट्रिय मा वि मनिकापुर** | **३०५** | **१९** | **१६** | **२** | **४३६०००** |
| २५ | श्री सरस्वति मा.वि. बनगाँउ | ४५१ | १५ | ३० | १ | २४४००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २६ | श्री जनजागृति मा वि सितापुर | ९५१ | १५ | ६३ | २ | ४१४००० |
| **२७** | **श्री पशुपतिनाथ प्रा.वि.** | **५४** | **४** | **१४** | **१** | **२१८०००** |
| २८ | श्री प्रगतिशिल प्रा.वि. | १८४ | ५ | ३७ | २ | ४३६००० |
| २९ | श्री मुक्तकमैया प्रा. वि. विजयनगर | १८२ | ५ | ३६ | ३ | ६५४००० |
| ३० | श्री ज्ञानोदय आ.वि. नुक्लिपुर | १२१ | ४ | ३० | २ | ४३६००० |
| जम्मा ठेली छपाइ | ३०१७ | | | | | ६५५०६२५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५३,५०० |

## ८८ अनुमति बिना क्रसर उद्योग

ढुंगा गिटि वालुवा उत्खनन विक्री तथा व्यवस्थापन मापदण्ड, २०७७ को बुँदा नं ११ मा क्रसर उद्योग संचालनको लागि आवश्यक मापदण्ड तथा कार्यविधि निर्धारण गरिएको छ। यस मापदण्डमा नयाँ स्थापना हुने उद्योगले वातावरणीय अध्ययन प्रतिवेदनमा सङ्कलन उत्खनन गर्ने कच्चा पदार्थको स्थान क्षेत्रफल परीमाण समयावधि र स्रोतको विवरण तथा त्यस्तो क्षेत्रको रेखाङ्कन सहितको नाप नक्शा अनिवार्य रुपमा समाबेश गर्नु पर्ने हुन्छ। त्यसै गरी क्रसर उद्योग राजमार्गको राइट अफ वे बाट ५०० मिटर र नदि वा खोला किनारबाट ५०० मिटरको दुरीमा मात्र संचालन गर्नु पर्ने उल्लेख छ।यस मापदण्ड अनुसार प्रचलित कानून बमोजिम स्थापना भएको क्रसर उद्योगले आफ्नो उद्योगको वार्षिक क्षमताको अधिनमा रहि संकलन तथा उत्खनन गर्ने कच्चा पदार्थको स्रोत सहितको विवरण प्रत्येक वर्षको भाद्र महिनाभित्र सम्बन्धित स्थानीय तह समक्ष पेश गर्नु पर्ने व्यवस्था छ।त्येसै गरी प्रत्येक वर्षको लागि असार मसान्त भित्र आफ्नो उत्पादनको वार्षिक मौज्दात तथा खरिद बिक्रीको परिमाण सार्वजनिक गरी सोको जानकारी सम्बन्धित स्थानीय तहलाई दिनुपर्ने व्यवस्था छ। क्रसर उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थको आपुर्ती गर्दा लाग्ने विक्री मूल्य वा शुल्क सम्बन्धित स्थानीय तहलाई बुझाए पछि मात्र त्यस्तो कच्चा पदार्थ आपुर्ति गर्न पाउने व्यवस्था छ।उल्लिखित व्यवस्था पालना नगर्ने क्रसर उद्योगलाई सम्बन्धित स्थानीय तहले बन्द गर्न सम्बन्धित निकायलाई सिफारिस समेत गर्ने सक्ने व्यवस्था छ। संघीय सरकारबाट संचालित बाँके वर्दीया जोड्ने पुलको लागी पालिका भित्र क्रसर उद्योग सञ्चालन रहेको जानकारी प्राप्त भयो। उक्त क्रसर उद्योगले मापदण्डको पालना गरे नगरेको वा के कति परिमाणमा ढुंगा तथा वालुवाको उत्खनन तथा उत्पादन गरेको सम्बन्धमा कुनै अनुगमन भएको देखिदैन। पालिकाले उक्त क्रसर उद्योगको आवश्यक अनुगमन गरी कानून बमोजिम भएको सुनिश्चित हुनुपर्दछ।

## ८९ मुअकर कट्टि

मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा सरकारी निकायले ठेक्का वा करार अन्तर्गत आपुर्ति हुने वस्तु वा सेवाको मुल्य वा रकम भुक्तानी गर्दा भुक्तानी गरिने मुअकर रकमको ३० प्रतिशत कट्टी गरी सम्बन्धित भुक्तानी प्राप्त गर्ने व्यक्तिको नामबाट सम्बन्धित राजस्व शिर्षकमा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार कार्यको लागि मुअकर रकम भुक्तानी गर्दा नियममा भएको व्यवस्था अनुरुप ३० प्रतिशत कट्टी गरी दाखिला गरेको नदेखिएकोले सम्बन्धित आपुर्तिकर्ता वा निर्माण व्यवसायीबाट मुअकर समायोजन पत्र पेश गर्नु पर्दछ।

| भौ न तथा मिति | मु अ कर भुक्तानी प्राप्त गर्ने व्यक्तिको नाम | खरिद गरिएको वस्तु तथा सेवा | भुक्तानी भएको मु अ कर रकम |
|---|---|---|---|
| २८४।३।२३ | जानकी अटो कम्प्लिट अटो केयर | मोटरसाइकल खरिद | ८०६२३।०० |
| १४६।२।३२ | न्यू गौरव हार्डवेयर | सिचाई बोरिङ पम्प खरिद | ४५५८१।०० |
| १५८।३।११ | कालावति गुड्स सप्लायर्स | सिचाई बोरिङ पम्प खरिद | ३८०७१।०० |
| | जम्मा | | १६४२७५।०० |

| प्रमाण पेश नगरेको | १,६४,२७५ |
|---|---|

९० **एकमुष्ठ म्याद थप**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा सम्बन्धित निर्माण व्यवसायीले सम्झौताको अवधि भित्र निर्माण कार्य सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको, सार्वजनिक निकायले उपलव्ध गर्नुपर्ने कुनै कुरा उपलव्ध नगराएको वा काबु बाहिरको कुनै परिस्थिति सृजना भई समयमा काम सम्पन्न गर्न नसकिएको अवस्था जाँचबुझ गर्दा कानुन बमोजिम म्याद थप गर्न सक्ने व्यवस्था छ। त्यसै गरी म्याद थपको लागि सम्बन्धित निर्माण व्यवसायीले निवेदन दिनुपर्ने, कार्य सम्पादन जमानत, बीमा, कार्यतालिका लगायतका कागजातहरु अद्यावधिक गरी पेश भएको हुनुपर्ने व्यवस्था भएको छ। पालिकाले यो वर्ष आ व २०८०।८१ मा सम्झौता भएका सबै ठेक्काको म्याद थप २०८१।३।१५ सम्म कार्यपालिकाबाट एकमुष्ठ निर्णय गरी म्याद थप गरिएको छ। सबैलाई समान अवधि आवश्यक पर्ने नपर्ने सम्बन्धमा समेत यकिन नगरी उल्लिखित अवस्था सृजना भएको र सबै कागजात अद्यावधिक भएको यकिन समेत नगरी एकमुष्ठ म्याद थप गर्ने कार्य नियमानुसार भन्न सकिने अवस्था देखिएन। नियमानुसार खरिद सम्झौताको कार्यान्वियन हुनु पर्दछ।

९१ **न्यून प्रगति**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा सम्बन्धित निर्माण व्यवसायीले सम्झौताको अवधि भित्र निर्माण कार्य सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको, सार्वजनिक निकायले उपलव्ध गर्नुपर्ने कुनै कुरा उपलव्ध नगराएको वा काबु बाहिरको कुनै परिस्थिति सृजना भई समयमा काम सम्पन्न गर्न नसकिएको अवस्था जाँचबुझ गर्दा देखिएमा नियमानुसार म्याद थप गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार निम्नानुसारका ठेक्काको म्याद थप भएको अवस्थामा नियममा भएको उल्लिखित अवस्था सृजना भएको पुष्टि हुने प्रमाण संलग्न गरेको देखिएन। निम्नानुसार ठेक्काको सम्झौता अवधि प्रतिशत देखि २०० प्रतिशतसम्म म्याद थप भएको अवस्थामा पनि वित्तीय प्रगति न्यून रहेको देखियो। प्रत्येक पटक मूल्य वृद्विको कारण देखाई म्याद थप भएकोमा उल्लिखित अवस्था प्रत्येक वर्ष सृजना भएको कारण स्वभाविक देखिदैन। पर्याप्त कारण पुष्टि हुनुका साथै भौतिक तथा वित्तीय प्रगति सम्झौताको अवधि अनुसार अनुपातिक रुपमा हुनु पर्दछ।

| क्र स | कामको विवरण | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | शुरु म्याद | म्याद थप भएकोमा कायम भएको मिति | सम्झौता रकम | कुल यथार्थ खर्च | वित्ती प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| १ | बनगाउ बिचपुरुवा नर बहादुर चौधरीको घरदेखि वडा नं.०३ को सिमाना जोड्ने कालोपत्रे सडक निर्माण , टीकापुर नगरपालिका वडा नं.०१ | श्री न्यू वडिमालिका निर्माण सेवा | २०८०.१२.०१ | २०८१.०२.३० | २०८१.०९.३० | १९०६४६८.६६ | ४७६७६४.५६ | २५% |
| २ | बनगाउँ बिचकापुरुवा ( कालोपत्रे बाकी रहेको स्थान ) देखि वडा नं. ०३ को सिमाना जोड्ने कालोपत्रे निर्माण , टीकापुर नगरपालिका वडा नं. १ र ३ | श्री न्यू वडिमालिका निर्माण सेवा | २०८०.१२.०१ | २०८१.०२.३० | २०८१.०९.३१ | २५२८१८८.२५ | ६३४२७५. | २५% |
| ३ | वेलुवा चौराहा विश्राम चौधरीको घर नजिक कालोपत्रे र दिव्यपुर देखि हुलाकी रोड जोडने बाटोमा कालोपत्रे सडक , कैलाली | हिडा कन्ट्रक्सन | २०८०.१०.१९ | २०८१.१.१५ | २०८१.९.२९ | ५२५५०८३.२९ | १८१७४०२. | ३४% |
| ४ | CONSTRUCTIONS OF BADMINTON COURT HALL BUILDING वडा न.७ सत्ती , कैलाली | F.AND F. Engineering Constructions Pvt.Ltd | २०८०.३.१७ | २०८१.१.३० | २०८१.९.२९ | ८०२५१४६.१६ | ० | ०% |
| ५ | दलित तथा जनजाती बस्तीमा आवास घर निर्माण आयोजना वडा न.७ र ८ टिकापुर , कैलाली | नबिन निर्माण सेवा | २०८०.१०.२१ | २०८१.३.१५ | २०८१.९.२९ | ६४५३६६६.८२ | ३६११५७७. | ५५% |
| ६ | टीकापुर बृहत उधानको घेरापर्खाल निर्माण आयोजना | वेष्टर्न कन्ट्रक्सन | २०८०.११.२३ | २०८१.१.३१ | २०८१.९.२९ | ३०५६४७५.७७ | २००८४८५. | ६५% |
| ७ | ओजुवा तालको पूर्वाधार निर्माण आयोजना (पक्की , घेरापर्खाल , माटोपतानी बाटोको स्तरोन्नति , पक्की बस्ने निर्माण तालको रेखांकन , बोरिंग जडान ) | साउद विल्डर्स प्रा.लि | २०८१.१.३१ | २०८१.३.१५ | २०८१.९.२९ | १०२५२६९९.९४ | ४०४१५७३. | ३९% |

## ९२ गुणस्तर परीक्षण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उपनियम २ मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षणको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ। त्येसै गरी सडक विभागबाट जारी Standard Specification of Road and Bridge works, 2073 को बुदा नं १२०१ मा सडकमा गरिने ग्रावेलको गुणस्तर सम्बन्धमा व्यख्या गरिएको छ। सोको लागि आवश्यक पर्ने फिल्ड डेन्सिटी टेस्ट, म्याटेरियल आइडेन्टिफिकेशन टेस्ट जस्ता परिक्षणको फ्रिक्वेन्सी समेत तोकिएको छ। नमुना परीक्षणको क्रममा पालिकाले यो वर्ष निम्नानुसार रू.३९५६१३२।०।०० को सडकमा ग्रावेल गर्ने कार्य उपभोक्ता समितिहरु मार्फत गरिएकोमा ल्याब टेस्टका रिपोर्टहरु स्रेस्ता साथ संलग्न नगरेकोले सडक विभागले तोकेको गुणस्तर परिक्षण भए नभएको सम्बन्धमा यकिन हुन सकेन। ग्रावेल कार्यको भुक्तानी गर्दा सडक विभागले निर्धारण गरेको नर्मस अनुसार गणना गरिएको दर राखी भुक्तानी भएको सन्दर्भमा निर्माण कार्यको गुणस्तर सुनिश्चित हुनुपर्दछ।

| क्र स | भौ न तथा मिति | निर्माण व्यवसायी वा उ स को नाम | खरिद गरिएको वस्तु तथासेवा | भुक्तानी भएको रकम |
|---|---|---|---|---|
| १ | १३५।२।२३ | उपभोक्ता समिति | ईन्द्रैया मौसीया छेगरखैला कोदैपुर जुम्लीपुर गाँउका वभिन्न बाटो ग्रावेल | ७६४७०३।०० |
| २ | १८०।३।१६ | उपभोक्ता समिति | वडा न ६ मिलनपुर र कालिका स्कूल जाने बाटो ग्रावेल | ३९८८२५।०० |
| ३ | १८४।३।१६ | उपभोक्ता समिति | राजीपुर पुरानो सडक सीमांकन ग्रावेल कार्या | ९७९१७४।०० |
| ४ | १९२।३।१७ | उपभोक्ता समिति | वडा न १ समितिपुर सशस्त्र तालिम केन्द्र पछाडी ग्रावेल | २४८८८०।०० |
| ५ | २०२।३।१८ | उपभोक्ता समिति | जनक रावलको घर देखि भित्र गोविन्द चौधरीको घर सम्म ग्रावेल | २४२८४५।०० |
| ६ | २१९।३।२० | उपभोक्ता समिति | ज्योतीनगर टोलका अधुरा सडकमा ग्रावेल | ३२२३६९।०० |
| ७ | २२१।३।२० | उपभोक्ता समिति | सत्घरुवा टोलका सडकमा ग्रावेल | २८८५६२।०० |
| ८ | २५२।३।२३ | उपभोक्ता समिति | लायकराम चौधरीको घर देखि सडक ग्रावेल | ७१०७७४।०० |
| | | | जम्मा | ३९५६१३२।०० |

## ९३ अनौपचारिक कारोवार

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले कुनै खरिद स्थायी लेखा नम्बर लिएका र मुल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्ति फर्म सँग मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। यो नियमले उपभोक्ता समिति समेतलाई स्थायी लेखा नम्बर लिनुपर्ने अनिवार्य गरेको छ। विद्यालय तथा विद्यालय व्यवस्थापन समितिहरु सार्वजनिक निकाय नै हुन। उल्लिखित नियमावलीको नियम ९७ मा उपभोक्ता समितिले आफुले सम्पादित सम्पुर्ण कार्यमा भएको खर्चको प्रमाण सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार भौतिक निर्माणको कार्य उपभोक्ता समिति मार्फत गराएकोमा पेश भएका खर्चका प्रमाण कागजातको रुपमा निम्नानुसार सेतो कागजमा भरपाई गरेका रू.२८३५७००।०० का खर्चका भरपाईहरु पेश भएका छन। साना साना रकमको भरपाईलाई स्वभाविक मानिएता पनि रू.५० हजार भन्दा बढि रकमको भरपाई स्वभाविक देखिदैन। व्यवसायिक कारोवार गर्ने तर औपचारिक रुपमा दर्ता भई करको दायरामा नआउने व्यक्तिहरुलाई करको दायरामा आउन आवश्यक पहल गर्नुपर्दछ।साथै सम्बन्धित विद्यालय व्यवस्थापन समिति तथा लाभग्राही समितिले पेश गरेका यस्ता भरपाईले वास्तविक खर्चको प्रमाण पुष्टि गर्ने आधार विश्वासनीय देखिदैन। विद्यालयले दर्ता नभएका व्यक्ति संग गरिने कारोवार नियन्त्रण हुनुपर्दछ।

| भौ न मिति | कामको विवरण | रकम बुझ्नेको नाम | विक्री गरेको सेवा वा वस्तु | भुक्तानी रकम |
|---|---|---|---|---|
| ९७।१।३ | मुक्त कमैया आ वि नजिक कल्भर्ट निर्माण उ स | राजेश कुमार चौधरी | माटो ढुंगा तथा अन्य सामाग्री ढुवानी र ग्राबेलीङ | १५२३००।०० |
| १३५।२।२३ | ईन्द्रैया मौरनीया छेगरखैला सडक माटो पटानी | टीकारम साउद | माटो ढुंगा तथा अन्य सामाग्री ढुवानी | ३५४८००।०० |
| १३५।२।२३ | ईन्द्रैया मौरनीया छेगरखैला सडक माटो पटानी | भजनसिह ठकुरी | ग्रावेल ढुवानी | २१६०००।०० |
| १७८।३।१६ | करुणा ईङ्लिस बोर्डिङ स्कुल देखि उत्तर जाने बाटो नि उ स | यकेन्द्र ब बोहोरा | निर्माण सामाग्री ढुवानी तथा अन्य कार्य | ९४५००।०० |
| १७८।३।१६ | करुणा ईङ्लिस बोर्डिङ स्कुल देखि उत्तर जाने बाटो नि उ स | धन ब बोहोरा | निर्माण सामाग्री ढुवानी तथा अन्य कार्य | ९४५००।०० |
| १७८।३।१६ | करुणा ईङ्लिस बोर्डिङ स्कुल देखि उत्तर जाने बाटो नि उ स | कमल रावत | निर्माण सामाग्री ढुवानी तथा अन्य कार्य | १८९०००।०० |
| १८४।३।१६ | राजीपुर पुरानो वस्ती सडक सीमाङ्कन ग्रावेल | राज कुमार ड थारु | निर्माण सामाग्री ढुवानी तथा अन्य कार्य | ३५३२००।०० |
| १८४।३।१६ | राजीपुर पुरानो वस्ती सडक सीमाङ्कन ग्रावेल | गंगाराम चौधरी | निर्माण सामाग्री ढुवानी तथा अन्य कार्य | ३५३२००।०० |
| १९२।३।७ | वडा न १ समितिपुर सशस्त्र तालिमकेन्द्र पछाडी सडक माटो पटानी | डम्बर रावल | निर्माण सामाग्री ढुवानी तथा अन्य कार्य | ८८०००।०० |
| २५२।३।२३ | लायकराम चौधरीको घरदेखि सडक मर्मत उ स | मदन महतारा | ग्रावेल लोड अनलोड तथा ढुवानी | १६६४००।०० |
| २५२।३।२३ | लायकराम चौधरीको घरदेखि सडक मर्मत उ स | पुर्ण ब साउद | ग्रावेल लोड अनलोड तथा ढुवानी | ३५५४००।०० |
| २५२।३।२३ | लायकराम चौधरीको घरदेखि सडक मर्मत उ स | मदन महतारा | ग्रावेल लोड अनलोड तथा ढुवानी | ४१८४००।०० |
| | जम्मा | | | २८३५७००।०० |

९४ **डी पि आर निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा सभा बाट स्वीकृत बजेट खर्च गर्दा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष निम्नानुसार रू.७८९७३४।०० को डि पि आर तयारीमा बजेट खर्च गरेको देखियो। डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै कार्यान्वयन नहुने कार्यमा डिपिआर तयार गर्ने र समयमा कार्यान्वयनमा नआउदा मुल्य वृद्धि तथा अन्य पारिस्थितिजन्य परिवर्तनका कारण औचित्य समेत समाप्त हुन सक्ने सम्भावना भएकोले कार्यान्वयन हुने तथा खरिद व्यवस्थापन हुन सम्भव भएका कार्यमा मात्र डिपिआर निर्माणमा खर्च गर्नु पर्दछ ।

| डीपिआर भएका कार्यहरु | डिपिआर गर्ने फर्म | भएको खर्च | डिपिआरबाट कायम ल ई |
|---|---|---|---|
| कैलाशेश्वर शिव मन्दिरको गुरुयोजना निर्माण | ईन्जिनीयरको घर प्रा लि | ४९६४०९।०० | १९२६५०४२५।७३ |
| प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (नदिजन्य पदार्थ उत्खनन) | राईजिङ ईन्जिनीयरीङ कन्सल्टेन्सी | २९३३२५।०० | ६२८६१३३।९५ |
| जम्मा | | ७८९७३४।०० | |

९५ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ । त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिदलाई बढी सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ । नियमावलीको नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ । नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नु पर्ने व्यवस्था छ। यो वर्ष पालिकाले निम्नानुसार रू.१ करोड४२ लाख २९ हजार मालसामान तथा निर्माण कार्य सोझै खरिद गरेको देखियो। सोझै खरिद हुदा लागत अनुमानकै हाराहारीमा सम्झौता हुने भएकोले मु. अ. कर तथा ओभरहेड पनि जोडेर भुक्तानी हुदा निर्माण कार्य उपभोक्ता मार्फत भएको भन्दा पनि महंगो हुने र मालसामान खरिदमा समेत प्रतिस्पर्धा नहुने अवस्था देखियो। सार्वजनिक निकायले खरिदमा प्रतिस्पर्धा सीमित हुने कुनै पनि कार्य गर्नु हुदैन।

| क्र स | भौ न तथा मिति | आपुर्तिकर्ता व्यक्तिको नाम | खरिद गरिएको वस्तु तथा सेवा | भुक्तानी भएको रकम |
|---|---|---|---|---|
| १ | १२५।२।१६ | दक्षिणमहाकाली निर्माण सेवा | सीतापुर बन्दिपुर र कोठापुरका विभिन्न बाटो ग्रावेल | ७९१०४४।०० |
| २ | १४०।२।२९ | प्रेम निर्माण सेवा | वडा न ६ सामुदायिक भवन निर्माण | ४९४८६४।०० |
| ३ | १४३।२।३० | आर पी कन्स्ट्रक्सन | ब्लक न १३ राम ब सुनारको घर देखि जंग चौधरीको घर सम्म अधुरो सडक कालोपत्रे | ९८२४३७।०० |
| ४ | १५१।३।६ | मदन कन्स्ट्रक्सन | प्रमुख प्रशासकीय भवन व्यवस्थापन | ९५७१२६।०० |
| ५ | १६६।३।१३ | आशिष कन्स्ट्रक्सन एण्ड कन्सर्न | वडा न २ विजयनगर स्थित सीता चौधरीको घर देखि बाटो ग्रावेल | ४८३७०६।०० |
| ६ | १७४।३।१५ | न्यून समिप निर्माण सेवा | वडा न १ रातीपुरको कोल्ड स्टोर नजिक सडक कालोपत्रे | ९६९३९२।०० |
| ७ | १८७।३।१७ | महाकाल कमलबजार निर्माण सेवा | वडा न ३ का विभिन्न सडक ग्रावेल | ९७९१७९।०० |
| ८ | १९८।३।१७ | युकी विल्डर्स | त्रिभुवन मा वी छानो मर्मत | ४९६१८७।०० |
| ९ | १९९।३।१८ | जय प्रभु निर्माण सेवा | राष्ट्रिय मा वि बेलुवा देखि वडा न ७ सीमा सम्म बाटो ग्रावेल | ९७९३४५।०० |
| १० | २०५।३।१९ | रिजिलियण्ट डिजाईन एण्ड विल्डर्स प्रा लि | अमर वि.क.को घर देखि सडक ग्रावेल | ६६६९३०।०० |
| ११ | २३४।३।२१ | टी टी कन्स्ट्रक्सन | वडा न ८ मसानघाट जाने ग्रावेल | ९८६९०६।०० |
| १२ | २४४।३।२२ | प्रगलिशील निर्माण सेवा | करुणा बोर्डिङ् स्कुल देखि बन्दिपुर जाने बाटो ग्रावेल | ९८०५२७।०० |
| १३ | २५७।३।२३ | न्यू जाल्पा निर्माण सेवा | ज्योती नगर शहरी स्वास्थ्य केन्द्रको अधुरो भवन निर्माण | ९६६८९३।०० |
| १४ | २६३।३।२३ | ईम्पवरीयल कन्स्ट्रक्सन एण्ड सप्लायर्स | गौशालामा शौचालय निर्माण | ४९०७१४।०० |
| १५ | २६३।३।२४ | सन्तोष विल्डर्स | शहरी स्वास्थ्य केन्द्रमा ट्रस निर्माण | ४३४१९०।०० |
| १६ | २७५।३।२४ | जि.एन.एस कन्स्ट्रक्सन | वडा न ५ मा सडक ग्रावेल | ३८९९००।०० |
| १७ | २७६।३।२४ | सुशिक्षा कन्स्ट्रक्सन | टीकापुर ओपनस्पेस अधरो भवन निर्माण | ७८७३८५।०० |
| १८ | २७७।३।२४ | गिर्वाण आरसिसि निर्माण कम्पनी | वडन १ युक्त ट्रेडर्स देखि नवलसिहं खड्का सम्म बाटो ग्रावेल | ९९२६८७।०० |

| | | | | |
|---|---|---|---|---|
| | २०७४।३।२४ | खुस्बु ईन्टेरीयर ट्रेड एण्ड सप्लायर्स | सडक बत्ति जडान | ४०००००।०० |
| | | जम्मा | | १४२२९४१२।०० |

९६ **बोलपत्रको मुल्याङ्कन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ को उपनियम २ मा बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्रदाताले सन्तोषजक रुपमा कार्य गर्न नसक्ने गरी न्यून कबोल अङ्क उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेशिफिकेसन गलत रुपमा बुझि वा नबुझि अस्वभाविक न्यून कबोल अङ्क उल्लेख गरेको छ छैन भन्ने कुरा बोलपत्र मूल्याङ्कन समितिले जाँच गर्नु पर्दछ। त्यसरी न्यून कबोल अङ्क उल्लेख गरेको अवस्थामा त्यस्तो बोलपत्रदाता सँग दर विश्लेषण सहित स्पष्टिकरण माग गर्नु पर्दछ। मूल्याङ्कन समितिले मागेको स्पष्टिकरण सन्तोषजन भएमा त्यस्तो बोलपत्र दाता सँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबर थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्ने सिफारिस गर्न र स्पष्टिकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सार्वजनिक निकायलाई सिफारिस गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष ठेक्का व्यवस्थापन भएका निम्नानुसार निर्माण कार्यको लागत अनुमानको ३० प्रतिशत देखि ४३ प्रतिशत सम्म घटेर कबोल अङ्क प्रस्ताव गरी बोलपत्र पेश गरेको छ। लागत अनुमानको करिव ५७ प्रतिशत लागतमा तोकिएको गुणस्तरमा र तोकिएको पारिमाणको कार्य हुन सक्ने अवस्था स्वभाविक नदेखिदा समेत बोलपत्र मूल्याङ्कन समितिले नियममा भएको व्यवस्था अनुसार दर विश्लेषण सहित स्पष्टिकरण माग गरेको देखिएन। साथै कार्यसम्पादन जमानत समेत तोकिए बमोजिम थप माग नगरी बोलपत्र स्वीकृत गरी सम्झौता गरेको देखियो। लागत अनुमान भन्दा अस्वभाविक न्यून कबोल अङ्क प्रस्ताव भएको अवस्थामा पालिकाले नियममा भएको व्यवस्थाको अनुसरण गरी ठेक्का व्यवस्थापनमा आइपर्न सम्भाविक जोखिम व्यवस्थापनमा ध्यान दिनु पर्दछ।

| क्र. स. | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | लागत अनुमान रकम | सम्झौता रकम | लागत अनुमान भन्दा कबोल अङ्क घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | रामपुर चौराहा देखि घिया हुदै वडा नं ६ जाने सडक कालोपत्रे निर्माण आयोजना , वडा नं. ०३ र ६ कैलाली | श्री न्यू समिप निर्माण सेवा , टिकापुर , कैलाली | १५७७९२७०.६९ | ९९९६३७२.१५ | 37% |
| २ | सुर्यपुर देखि वडा कार्यालय जाने बाटो निर्माण आयोजना , टीकापुर नगरपालिका वडा नं. ०८ | श्री हिडा कन्स्ट्रक्सन , मेल्लेख अछाम | ७७९४७४५.१५ | ४४३९९४९.०६ | 43% |
| ३ | माटो पटानी कार्य(हर्क चौधरीको घर नजिक) | श्री रतन मोहन कन्स्ट्रक्सन , टीकापुर कैलाली | १७९६१३६.७२ | १०९९९४०.८७ | 39% |
| ४ | खक्रौला सडक पश्चिम ब्लक २४, २५ , छेगरखैला र वनगाउँ क्षेत्रका सडक निर्माण | श्री मदन कन्स्ट्रक्सन , टीकापुर कैलाली | ९९६५२७.७१ | ६३३५०६.२५ | 36% |
| ५ | खक्रौला सडक पुर्वका ब्लक २, ३ , १४ , १७ , १८ , १९ , २० , २१ र विरेन्द्र प्लानिङ्ग क्षेत्रका सडक निर्माण | श्री जि एन एस कन्स्ट्रक्सन , लम्की चुहा कैलाली | १४९८३९५.७८ | ९३३५००.०१ | 38% |
| ६ | ब्याडमिन्टरन हल निर्माण वडा न.७ सत्ती , कैलाली | एफ एण्ड एफ ईन्जिनीयरीङ कन्स्ट्रक्सन | १३०००००० | ८०२५१४६.१६ | 38% |
| ७ | टीकापुर बृहत उधानको घेरापर्खाल निर्माण आयोजना | रामकमल चौधरी वेष्टर्न कन्ट्रक्सन राजापुर नगरपालिका वडा न.०२ नयांगाउँ , बर्दिया | ५०००००० | ३०५६४७५.७७ | 39% |
| ८ | ओजुवा तालको पूर्वाधार निर्माण आयोजना (पक्की , घेरापर्खाल , माटोपतानी बाटोको स्तरोन्नति , पक्की बस्ने निर्माण तालको रेखांकन , बोरिंग जडान ) | साउद विल्डर्स प्रा.लि | १६०००००० | १०२५२६९९.९४ | 36% |
| ९ | झोल्हा थारुको घरदेखि बाघमारा स्कुल हुदै आम्बासा जोड्ने बाटो र कोदैपुर भागीराम चौधरीको घर देखि आम्बासा जोड्ने बाटो कालोपत्रे आयोजना टिकापुर नगरपालिका वडा नं ४ , कैलाली | श्री न्यु बडीमालिका निर्माण सेवा , टिकापुर , कैलाली | ७७५९५५९.८२ | ४७९८८१२.६५ | 38% |

९७ **पुर्व निर्धारीत क्षतिपुर्ति**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा सम्झौतामा तोकिएको म्याद भित्र कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीबाट सम्झौता अनुसारको म्याद समाप्त भएको मितिले प्रति दिन सम्झौता अङ्कको शुन्य दशमलव शुन्य पाँच प्रतिशतले सम्झौता अङ्कको दश प्रतिशत ननाघ्ने गरी पुर्वनिर्धारित क्षतिपुर्ति असुल गर्नुपर्ने व्यवस्था छ। ब्याडमिन्टन कोर्ट हल निर्माण कार्यको लागि एफ एण्ड एफ ईन्जिनीयरीङ् कन्स्ट्रक्सन प्रा लि संग मिति २०८० असार १७ मा २०८१ बैशाख ३० सम्म सम्पन्न गर्ने गरी रू.८०२५१४६।०० मा सम्झौता भएकोमा हाल सम्म कार्य शुरु नगरेको जानकारी प्राप्त भयो। निर्माण व्यवसायीलाई दिएको पेश्की रू.१६०५०३०।०० जफत भएको देखियो। कार्यपालिकाको मिति २०८१।४।२८ मा म्याद थप समेत नभएकोले उक्त निर्माण व्यवसायीबाट मिति २०८१ बैशाख ३० बाटै लागुहुने गरी पुर्वनिर्धारित क्षतिपुर्ति समेत असुल गर्ने निर्णय भएको देखियो। तसर्थ २०८१ बैशाख ३० गते देखि हाल लेखापरीक्षण भैरहेको अवधि सम्म २०० दिन भन्दा बढि हुने देखिएकोले सम्झौता अङ्कको १० प्रतिशतले हुने रू.८०२५१४।०० असुल हुनुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,०२,५१४ |

**९८ सम्झौताको कार्यान्वयन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम कार्य शुरु नगरेमा, काम शुरु गरी बिचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गरी सो काम वापत राखिएको पुरै जमानत जफत गरी सम्झौता बमोजिम बाँकी काम गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुलउपर गर्नुपर्ने व्यवस्था छ। ब्याडमिन्टन कोर्ट हल निर्माण कार्यको लागि एफ एण्ड एफ ईन्जिनीयरीङ् कन्स्ट्रक्सन प्रा लि संग मिति २०८० असार १७ मा २०८१ बैशाख ३० मा सम्पन्न गर्ने गरी रू.८०२५१४६।०० मा सम्झौता भएकोमा हाल सम्म कार्य शुरु नगरेको जानकारी प्राप्त भयो। निर्माण व्यवसायीलाई दिएको पेश्की रू.१६०५०३०।०० जफत भएको देखियो। सम्झौता अवधि पुरै व्यतित भैसकेको अवधि सम्म कार्य शुरु नगरेको अवस्थाले ऐनको उल्लिखित व्यवस्था अनुसार निजको कार्य सम्पादन जमानत वापत राखिएको रू.७५००००।०० धरौटी खातामा जफत गरी ऐनको दफा ६३(१) बमोजिम कालो सुचीमा राख्ने लगायतका व्यवस्थाको कार्यान्वियन गरी कानून बमोजिम हुनुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,५०,००० |

**९९ एज विल्ट ड्रईङ्ग पेश नभएको**

सार्बजनिक खरिद नियमावली, २०६४ को निम १२५ मा खरिद सम्झौता बमोजिमको निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज बिल्ट नक्शा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत संचालित निम्नानुसार निर्माण कार्यको निर्माण कार्य सकिएको भनि अन्तिम विल भुक्तानी भएको अवस्थामा पनि एज विल्ड ड्रईङ पेश भएको देखिएन। नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

| क्र स | योजनाको नाम | निर्माण व्यवसायीको नाम | कार्य सम्पन्न रकम |
|---|---|---|---|
| १ | रामपुर चौराह देखि घिया हुदै वडा न ६ जाने सडक कालोपत्रे | न्यू समिप निर्माण सेवा | ९९७०३५५।०० |
| ३ | कर्णाली नमुना मावी दोस्रो तला क्यान्टिन तथा ल्याव भवन निर्माण | जय प्रभु निर्माण सेवा | ६५८३२९५।०० |
| २ | वडा न ८ स्थीत सुर्यपुर हुलाकी सडक देखि वडा कार्यालय हुदै खर्काल जाने सडक स्तरोन्नति | हिडा कन्स्ट्रक्सन | २९५१२७८।०० |
| ३ | ओखरपुर देखि पानीमुला हुदै नारायणपुर सम्म कालोपत्रे | साउद विल्डर्स | ५१३९४०५।०० |

**१०० पाइपको उपयोग**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१८३,५२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरूजुको विवरण | रकम |
|---|---|---|
| १ | **स्यानिटरी प्याड खरिद** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुँदा ५ मा विद्यालयले आफ्नो छात्राहरुको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत स्थानीय तहमा माग गरी पठाउनु पर्ने र माग भएको संख्यालाई शिक्षा शाखाले स्थानीय तहमा भएको शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्कसँग भिडाई विद्यालयलाई आवश्यक हुने संङ्ख्यामा सेनिटरी प्याड उपलब्ध गराउने व्यवस्था छ। पालिकाले प्याड खरिद वापत रू.117791।०० रकम विद्यालयलाई निकासा गरेको देखियो। यसरी विद्यालयहरुद्वारा खरिद गरिएको प्याडहरुको गुणस्तर परिक्षण सोहि कार्याविधिको अनुसूची १ बमोजिम गरे नगरेको एकिन गर्न सक्ने अवस्था छैन र यसरी हुने छनौट खरिद प्रकृया पनि प्रतिशपर्धात्मक भएको सुनिश्चित गर्न सकिने अवस्था भएन। तसर्थ विद्यालयलाई निकासा गरेको रकमबाट विद्यार्थी संख्याको आधारमा स्यानिटरी प्याड खरिद गरेको र वितरणको गरेको खुल्ने प्रमाण पेश हुनुपर्दछ। | 117791.00 |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : टिकापुर नगरपालिका, कैलाली , टिकापुर नगरपालिका , कैलाली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | दमन सिंह चौधरी | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | लक्ष्मी ओड | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १५,६२६,५८४.५ | १९,६९७,१५२.२ | ८,६३३,६५६ | ० | ० | ५२४,१६८ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ४४,४८१,५६०.७ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १,६९१,९३६ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ११७,७९१ |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ४२,९०७,४१५.७ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | २२२७६६१४२.७२ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४८१४००४४० | चालु खर्च | ५१४३४९६१२.२६ |
| प्रदेश सरकारबाट अनुदान | २४१३७५७८ | पूँजीगत खर्च | १९०८९२०४४ |
| राजश्व बाँडफाँट | १७६६९५२३.०१ | वित्तीय/अन्य व्यवस्था | ७६५२०८३०.९५ |
| आन्तरिक आय | ६४६७७०२४.६२ | | |
| अन्य आय | ३८७२४१८६.९९ | | |
| कुल आय | ७८५६०८७५२.६२ | कुल खर्च | ७८१७६२४८७.२१ |
| बाँकी मौज्दात | | २२६६१२४०८.१३ | |

## अनुसूची - २

## बेरूजु दफा ३९ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| नाम | डा संजय कुमार दास | डा अमरनाथ ठाकुर |
|---|---|---|
| **पद** | **गाइनोकोलोजिस्ट** | **बालरोग विशेषज्ञ** |
| **पालिकाबाट भएको भुक्तानी (वार्षिक पारिश्रमिक)** | **२४०००००** | **२६४००००** |
| **टिकापुर अस्पतालबाट भएको भुक्तानी (वार्षिक भत्ता)** | **७६४७५०** | **०** |
| **कूल प्राप्त रकम** | **३१६४७५०** | **२६४००००** |
| **घटाउने** | | |
| क सं कोष कट्टि | 0 | 0 |
| ना ला कोष कट्टि | ० | ० |
| बिमा कट्टि | ० | ० |
| **कुल करयोग्य आय** | **३१६४७५०** | **२६४००००** |
| सामाजिक सुरक्षा कर दाग्रे सीमा | 600000 | 600000 |
| सामाजिक सुरक्षा कर | 6000 | 6000 |
| १० प्रतिशत कर लाग्रे सीमा | 200000 | 200000 |
| पहिलो तहको पारिश्रमिक कर | 20000 | 20000 |
| २० प्रतिशत कर लाग्र सीमा | 300000 | 300000 |
| दोस्रो तहको पारिश्रमिक कर | 60000 | 60000 |
| ३० प्रतिशत कर लाग्रे सीमा | 900000 | 900000 |
| तेस्रो तहको पा कर | 270000 | 270000 |
| ३६ प्रतिशत कर लाग्रे सीमा | ११६४७५० | ६४०००० |
| अन्तिम तहको पा कर | 419310 | 230400 |
| जम्मा कर दायित्व | 775310 | 586400 |
| जम्मा भएको कर रकम | 474712.5 | 396000 |
| **नपुग पारिश्रमिक कर** | **300597.5** | **190400** |
| **जम्मा** | **४९०९९७।५०** | |

## बेरूजु दफा ७७ सँग सम्बन्धित विवरण - अनुसूची -४

| क्र.स. | वडा | आयोजनाको नाम | कुल बजेट | सुचिकृत बेरोजगार संख्या | रोजगारी संख्या | रोजगार प्राप्त गरेको दिन | प्रति व्यक्ति रोजगारी प्राप्त गरेको दिन | कुल खर्च | प्रति व्यक्ति औषत रोजगारी आय | रोजगार प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | ज्ञानी कुलो सरसफाई समुह नं (क) | ८९३४३३ | ८१६ | २१ | १३३१.०० | ६३.३६ | ८८८७७४ | ९८.९५८ दिन | 4.17 |
| २ | | बजार क्षेत्र भित्रका नाला सरसफाई समुह नं (ख) | ५०५००८ | | | ७४९.३० | ३५.६८ | ५००५५९ | | |
| ३ | | बनगाउ कुलो सरसफाई (ख) | ५५३१०४ | | १३ | ८२१.१० | ६३.१६ | ५४८४९५ | | |
| ४ | | बजार क्षेत्र भित्रका नाला सरसफाई समुह नं (क) | ३१२५९३ | | | ४६३.६० | ३५.६६ | ३०९७१२ | | |
| ५ | २ | बिष्ट टोलको भित्रि बाटोहरुको नाली सरसफाई | २८७९४१ | ९६ | १० | ४३०.०० | ४२.९९ | २८७१४६ | ९९.१३ दिन | १०.४२ |
| ६ | | महावीर बिष्टको घरदेखि पुर्व गौशाला जाने बाटोको दुवै तर्फका नाली सरसफाई | १६९५३८ | | | २५०.०० | २५.०२ | १६७१३४ | | |
| ७ | | भानु चौराहा देखि कालिका स्कुल सम्मको बाटोको दायाँ | १२१६८३ | | | १८१.०० | १८.११ | १२०९४५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बायाँ नाली सरसफाई | | | | | | | | |
| ८ | | २ नं वडा कार्यालय देखि नर बहादुर ठकुल्लाको घर सम्मको बाटोको नाली सरसफाई | ८८४९७ | | | १३०.०० | १३.०२ | ८६९७४ | | |
| ९ | ३ | वडा नं. ३ मा रहेको बिभिन्न वाटोहरुको दायाँ बायाँ किनाराको नाली खन्ने कार्य | ४००६४८ | १३४ | ६ | ५९९.१० | ९९.८४ | ४००१७२ | ९९.९८ दिन | ४.४८ |
| १० | ४ | जनप्रकाश आधारभूत विद्यालय देखि अम्बसा जाने बाटोको दायाँ बायाँ नाली खन्ने कार्य | १३६४६८ | २०४ | ८ | २०४.०० | २५.५० | १३६२५९ | ९९.६३ दिन | ३.९२ |
| ११ | | बाघमारा स्थित जोखन लाल ड. थारुको घर देखि उत्तर तर्फ स्कुल जाने बाटो दायाँ बायाँ नाली खन्ने कार्य | १७२९५१ | | | २५६.४० | ३२.०५ | १७१२८२ | | |
| १२ | | छैगरखैला स्थित गाउलेको घर | २२४९०९ | | | ३३६.७० | ४२.०८ | २२४८८९ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जाने बाटोको दायाँ बायाँ नाली खन्ने कार्य | | | | | | | | |
| १३ | ५ | टीकापुर वंगला पार्क सरसफाई | ४१५७३८ | १९३ | ८ | ६२१.४० | ७७.६८ | ४१५१२० | ९९.१०६ दिन | ४.१५ |
| १४ | | विभिन्न स्थानको झरन सरसफाई | ५६११२ | | | ८३.६६ | १०.४६ | ५५८८२ | | |
| १५ | | शाहिपुर नयां अधुरो बाटो निर्माण | ६२०४४ | | | ८७.७६ | १०.९७ | ५८६२१ | | |
| १६ | ६ | श्री राष्ट्रिय मा.वि. नारायणपुरको खेलमैदान सरसफाइ | २३४४६ | १६७ | ६ | ३५.०० | ५.८३ | २३३८० | ९९.७२७ दिन | ४ |
| १७ | | वडा भित्रका गल्लीहरुको नाली तथा झाडी सरसफाई | ३७७१८१ | | | ५६३.४० | ९३.८९ | ३७६३२६ | | |
| १८ | ७ | श्रीपालको घर अगाडीको झरन खन्ने कार्य | ६४९२० | १८७ | ८ | ९६.५८ | १२.०७ | ६४५१२ | ९८.२३२ दिन | ४.२८ |
| १९ | | युनिभर्सल पिस लाईन स्कुल पछाडीको झरन खन्ने कार्य | ८०६६१ | | | १०८.५० | १३.५७ | ७२४९७ | | |
| २० | | भुस्ल्यान टोल देखि | ३८८१७५ | | | ५८०.८० | ७२.६० | ३८७९४८ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दक्षिण ९ नं. सिमाना सम्मको झरन खन्ने कार्य | | | | | | | | |
| २१ | ८ | श्रीलंका चन्द्र बोहराको घरदेखि कर्णाली आ.वि सम्मको बाटोको निर्माण | २६६७७२ | ८० | ८ | ३९९.०० | ४९.९० | २६६६३९ | ९९.७० दिन | ४.३७ |
| २२ | ९ | झुंगा गाउको झरन खन्ने कार्य | १४०६८१ | १०३ | | २१०.०० | २६.२० | १४००३० | | |
| २३ | | बौनिया गाउको झरन खन्ने कार्य | १२६३२४ | | | १८९.०० | २३.६० | १२६१४२ | | |
| | | जम्मा | ५८६८८२७ | १९८० | ८८ | ८७२७ | ८९३ | ५८२९४३५ | | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ। पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।